मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो 'त्रिशक्ति' को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष १ | अंक १९१ | २०८० साल जेठ ०९ गते मंगलबार | Tuesday 23, May 2023 | पृष्ठ ८ | मूल्य रु. ५/-

# सरकार विस्तारमा ६ दल निर्णयविहीन

*"मुख्यमन्त्रीमा जसपाकै निरन्तरता रहने भएपछि मन्त्रिमण्डल विस्तारमा कांग्रेस, लोसपा र एकीकृत समाजवादीलाई प्रदेश सरकारमा सहभागीका लागि छलफल लम्बिएको हो।"*



**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशमा सत्तारुढ छ दलीय गठबन्धनको बैठक निष्कर्षविहीन टुंगिएको छ।
मधेश प्रदेश सरकारका मुख्यमन्त्री सरोजकुमार यादवकै निरन्तरता रहने भनिएपछि प्रदेशमा रहेका छ दलीय गठबन्धन संयन्त्रको बैठक बस्दै संसदीय दलका नेताहरुले बिफ्रिङ गरिरहेका छन्।
सोमबार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बसेको बैठकमा संसदीय दलका नेताहरुले प्रदेश सरकार, नीति तथा कार्यक्रमबारे छलफल भए पनि ठोस निर्णय भने हुन नसकेको लोकतान्त्रिक समाजवादी पार्टी नेपाल मधेश प्रदेशका संसदीय दलका नेता अभिराम शर्माले जानकारी दिए।
उनले भने, 'बैठकमा प्रदेश सरकारबारे कुराकानी भए पनि विषयवस्तुमाथि कुराकानी हुन सकेन।' उनले थपे, 'बैठकमा नीति तथा कार्यक्रमबारे छलफलमा जनमुखी बजेट निर्माणका लागि पनि बृहत छलफल भयो।'
बैठकमा जनता समाजवादी पार्टी नेपालका संसदीय दलका नेतासमेत रहेका मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादव, नेपाली कांग्रेस मधेश प्रदेशका संसदीय दलका नेता कृष्णप्रसाद यादव, जनमत पार्टी मधेश प्रदेश संसदीय दलका नेतासमेत रहेका मन्त्री महेशप्रसाद यादव, लोसपा नेपाल मधेश प्रदेशका संसदीय दलका नेता अभिराम शर्मा, नेकपा माओवादी केन्द्र मधेश प्रदेशका संसदीय दलका नेता भरतप्रसाद साह र नेकपा एकीकृत समाजवादी मधेश प्रदेशका संसदीय दलका नेता गोविन्द न्यौपाने, अर्थमन्त्री संजयकुमार यादवलगायतकाहरुको उपस्थिति थियो।
सोमबार साँझ बसेको बैठकमा विभिन्न विषयवस्तुमा छलफल भए पनि ठोस निष्कर्षमा पुग्न नसकेको माओवादी केन्द्र मधेश प्रदेका संसदीय दलका नेता साहले बताए। उनले मंगलबार पुनः बैठक बसेर मधेश प्रदेश सरकार विस्तार तथा मन्त्रालयबारेमा भागवण्डाबारे छलफल हुने बताए।
मधेश सरकार पुनर्गठनका विषयमा दलहरुबीच सकारात्मक छलफल भए पनि निष्कर्षमा पुग्न अझै समय लाग्ने भएको छ। यसअघि प्रदेशमा गठबन्धन दलहरुले मुख्यमन्त्रीमै दाबी गरेपछि सरकार विस्तारमा ढिलाइ भएको थियो।
मुख्यमन्त्रीमा जसपाकै निरन्तरता रहने भएपछि मन्त्रीमण्डल विस्तारमा कांग्रेस, लोसपा र एकीकृत समाजवादीलाई प्रदेश सरकारमा सहभागीका लागि छलफल लम्बिएको हो। नेपाली कांग्रेसले सरकारमा सहभागी हुन चार मन्त्रालयमा दाबी कायमै राखेको छ। चार मन्त्रालय पाउन सभामुख पद जनमत पार्टीलाई दिन तयार रहेको कांग्रसका एक नेताले बताए।
दुईचार दिन यता सरकार विस्तारका लागि भएको गठबन्धनको बैठकमा विषयले प्रवेश नै पाएको छैन। जनमत पार्टीका संसदीय दलका नेता यादवले बैठकमा सकारात्मकरुपमै छलफल अघि बढिरहेको प्रतिक्रिया दिए।
मधेश प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसहित ११ वटा मन्त्रालय छ। नेकपा एमाले सरकारमा रहँदा एमालेले लिएको भौतिक पूर्वाधार मन्त्रालय, गृह तथा सञ्चार मन्त्रालय, महिला, बालबालिका, युवा तथा खेलकुद मन्त्रालय र कानुन तथा प्रदेश मामिला मन्त्रालय अहिले मुख्यमन्त्रीले नै सम्हालेका छन्।

# बिहानैदेखि तराईमा तनाव


बारामा विद्यार्थीहरु आन्दोलित। तस्बिरः मधेशदृष्टि

**मधेशदृष्टि**
**वीरगंज।**
कतै शिक्षक, प्रधानाध्यापक सरुवाविरुद्ध विद्यार्थी आन्दोलित त कतै बिहानै सर्वसाधारणको हत्या। कतै दाइजो नपाएर परिवारबाटै छोरीको हत्या भन्दै परिवारजन मिडियामा अनि कतै करारका कर्मचारीद्वारा पालिकामा तालाबन्दी। सोमबार बिहानैदेखि तराईको तनावले धेरैको ध्यान तानिरह्यो।


सप्तरीमा युवकको हत्यापछिको भीड। तस्बिरः मधेशदृष्टि

प्रधानाध्यापक सरुवाको विषयलाई लिएर बाराको सुवर्ण गाउँपालिका कार्यालयमा विद्यार्थीले तोडफोड र आगजनी गरे। आक्रोशित विद्यार्थीले गाउँपालिका कार्यालयमा तोडफोड गर्न थालेपछि स्थिति नियन्त्रणमा लिन प्रहरीले ३३ राउन्ड अश्रुग्यास प्रहार गर्नु पऱ्यो।
सुवर्ण गाउँपालिका वडा नम्बर ४ मा रहेको नेपाल राष्ट्रिय माध्यमिक विद्यालयका प्रधानाध्यापक राम एकबाल प्रसादका समर्थकले गाउँपालिका कार्यालयमा तोडफोड गरेको गाउँपालिका अध्यक्ष राजेश यादवले आरोप लगाए। प्रधानाध्यापक राम एकवाल प्रसादले विद्यार्थी उचालेर आन्दोलन गराएको अध्यक्ष यादवले पत्रकार सम्मेलन गरी आरोप लगाए।
आन्दोलनकारीले गाउँपालिकाको कार्यालयमा तोडफोड


धनुषाको क्षीरेश्वरमा तालाबन्दी। तस्बिरः मधेशदृष्टि

गर्दा छ वटा मोटरसाइकल, कार्यालयको कम्प्युटर, फर्निचरलगायतका सामानमा क्षति पुगेको प्रहरीले जनाएको छ।
स्थिति नियन्त्रणमा लिन प्रहरीले ३३ राउन्ड अश्रु ग्यास चलाएको जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी नायब उपरीक्षक पुरुषोत्तम पाण्डेले जानकारी दिए।
झडपक्रममा आन्दोलनकारीको आक्रमणबाट केही प्रहरी घाइते भएको डिएसपी पाण्डेले बताए।
यता, धनुषाको क्षीरेश्वरनाथ नगरपालिकामा करारका कर्मचारी र ज्येष्ठ नागरिकले सोमबार ताला लगाएका छन्। २०७४ पछि नियुक्त करारका कर्मचारीको म्याद थप नगर्ने निर्णयपछि करारका कर्मचारीले र सामाजिक सुरक्षा भत्ता नदिएपछि ज्येष्ठ नागरिकले तालाबन्दी गरेका हुन्।
पालिकामा विगत ६ वर्षदेखि कार्यरत करारका कर्मचारी जमिल अख्तरले राजनीतिक पूर्वाग्रह राखेर आफूहरुमाथि विभेद भएको बताए। कार्यपालिकाले करारका कर्मचारीलाई करार अवधि नथपेपछि आफूहरुले तालाबन्दी गरेको उनले बताए।
नगर प्रमुख सुखदेव यादव र प्रमुख प्रशासकिय अधिकृत सिवेन्द्र मण्डल मिलेर फरक आस्था भएका कर्मचारीलाई विनाकारण हटाइएपछि ध्यानाकर्षण गराउँदै माग पूरा नभएसम्म तालाबन्दी यथावत राखिने उनले बताए। ५४ करारका कर्मचारीले तालाबन्दी गरेका हुन्। करारका कर्मचारीले ११ महिनादेखि तलबसमेत नपाएको बताए।
यता, सप्तरीमा बिहानै हनुमाननगर कंकालिनी नगरपालिकामा घाँटी काटिएको अवस्थामा युवकको शव फेला परेको छ। वडा नम्बर ४ मधवापुरस्थित खेतमा सोमबार बिहान २५ वर्षीय युवकको शव भेटिएको हो। हत्याबारे प्रहरीले अनुसन्धान जारी राखेको छ। उनको घाँटी रेटेर हत्या गरिएको पाइएको छ।

# दाइजो नपाउँदा हत्यापछि झुन्ड्याइएको आरोप



**मधेशदृष्टि**
**जनकपुरधाम।**
दाइजोको विषयलाई लिएर फेरि मधेश प्रदेशको राजधानी जनकपुरमै महिलाको हत्या भएको छ। हत्या गरिएकी महिलाका माइतीपक्षले दाइजोकै कारण छोरीको हत्या गरिएको दाबी गरेका छन्। घटनाा मृतककी पति र ससुरा पक्राउ परेका छन्।
मथिला बिहारी नगरपालिका-३ मिथिलेश्वर मौवाही घर भई जनकपुरधाम-९ थापा चोकमा बस्दै आएका श्रीमान, सासु, ससुरा र देवर मिलेर महिलाको हत्या गरेको उनका माइती पक्षको आरोप छ। नगराइन नगरपालिका-८ खिरखिरियाका विनोद प्रसाद साहले आफ्नी २२ वर्षीया छोरी आरतीकुमारीको ज्वाइँ मोतीबाबु साह, ससुरा मदन मोहन, सासु रेणु देवी र देवर रविले हत्या गरेको बताए।
दुई वर्षअघि २५ लाख रुपैयाँ दिएर आरतीको विवाह मोतीबाबुसँग गरेको विनोदले बताए। यसअघि पनि छोरीलाई पति, ससुरा र सासु मिलेर थप दाइजो माग गर्दै आएको बताउँदै विनोदले भने, 'दाइजोको थप रकम नदिँदा पटकपटक आरतीलाई उनीहरुले कुटपिट गर्दै शारीरिक र मानसिक तनाब दिँदै आएका थिए।' 'छोरीलाई कुटपिट गरेको देख्दा धेरैपटक रकम पनि दिएँ,' उनले भने, 'आइतबार उसको पति, ससुरा, सासु र देवर मिलेर कुटपिट गर्नुका साथै घाँटी थिचेर हत्या गरेछन्।'
विनोदले भने, 'घाँटी थिचेपछि आरती कराएकी थिइन्, त्यसपछि टोलका मानिस भेला हुन थालेपछि आरतीले झुण्डेर आत्महत्या गऱ्यो भन्दै नाटक गरियो।' १२ दिनअघि मात्र आरतीलाई माइतीबाट बोलाएर लगेको र आइतबार साँझ पुनः दाइजोकै रकमका लागि उसको टाउको लगायत शरीरको विभिन्न भागमा कुटपिट गरी घाँटी थिचेर हत्या गरिएको विनोदको आरोप छ।
आरतीका ससुरा, पति र सासुले पोल खुल्ने डरले मृत शरीर नै काव्या अस्पतालमा उपचारका लागि लगेको उनको दाबी छ। उनले आरतीले झुण्डेर आत्महत्या गऱ्यो भन्दै आफूलाई साँझ फोन गरेर जानकारी गराए पनि घटना दिनमै भएको जिकिर गरे। उनले मोतीबाबुको काठमाडौंमा अर्कै केटीसँग सम्बन्ध रहेको र आरतीलाई सोबारे जानकारी हुँदा पटकपटक उनीहरुबीच मनमुटावसमेत हुँदै आएको बताए। विनोदले मोतीबाबुको बानीबेहोराबारे आफूहरुले विवाह भएपश्चात् जानकारी पाएको र विवाहका बेला आफूहरुलाई केटा इन्जिनियर छ भन्दै छोरीको विवाह गरिए पनि उनी ब्रोकरको काम गर्दै आएको पछिबाट थाहा भएको बताए।
यता, मृतककी पति मोतीबाबुले आइतबार आरतीको स्वास्थ्य अवस्था खराब रहेकाले उनी मध्यान्ह १२ बजेसम्म बेडमै रहेको सुनाए। उनले भने, 'हिजो आरतीलाई सञ्चो थिएन, उनी १२ बजे सुतेर उठिन्, मैले उसलाई खाना खान आग्रह गरेँ। तर, उनले मानिनन्। उल्टै मलाई गाली गर्न थालिन्। सोही क्रममा आवेशमा आएर मैले उसलाई एक झापड हिर्काएर घरबाट निस्किहाले। साँझ घर जाँदा आरतीलाई खोजेँ। पछि कोठाको चुकुल भित्रबाट बन्द भएको बुझेँ। बाहिरबाट धेरै पटक हल्ला गर्दा पनि नसुनेपछि अन्त्यमा ढोका तोडरे हेर्दा आरती पंखामा झुण्डेर आत्महत्या गरेको भेटिएपछि अक्क न बक्क भएँ।'
घटनाको थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक वेदप्रसाद गौतमले जानकारी दिए। उनले भने, 'पोष्टमार्टमको रिपोर्ट आएपछि मात्र आत्महत्या वा हत्या भन्न सकिन्छ। यसका लागि प्रहरीले सुक्ष्म अनुसन्धान गरिरहेको छ।'
प्रहरीले मृतकका पति मोतीबाबु र ससुरा मदन मोहनलाई नियन्त्रणमा लिएको छ।

# लाइसेन्सको परीक्षामा कर्मचारीले उत्तर सिकाए !



**मधेशदृष्टि**
**वीरगंज।**
यातायात व्यवस्था कार्यालय, वीरगंजले सोमबार लिएको लिखित परीक्षामा कर्मचारीले बदमासी गरेका छन्। देशमै सवारी चालक अनुमति पत्र वितरणका मामलामा सबैभन्दा विवादित कार्यालयमा वीरगंज कार्यालय पर्दछ।
कार्यालयले सोमबार लिएको लिखित परीक्षामा बढी परीक्षार्थी पास गराउन कर्मचारीले नै उत्तर सिकाइरहेको खबर प्राप्त भएको छ। दुई पांग्रे तथा चार पांग्रे सवारी साधनको सवारी चालक अनुमति पत्रका लागि भएको लिखित परीक्षामा कर्मचारीहरुले परीक्षार्थीलाई उत्तर लेख्न सिकाएको पाइएको हो।
लिखितमा सफल उम्मेदवारहरुले ट्रायल दिन पाउनेछन्। यातायातमा देशमै बढी राजश्व संकलन हुने वीरगंज कार्यालयमा सवारी चालक अनुमति पत्र वितरणमा बिचौलिया र कर्मचारीको बदमासी बेलाबेला बाहिर आइरहने गर्दछ। सोमबारको परीक्षामा पनि कर्मचारीले नै परीक्षार्थी पास गराउन सिकाएका हुन्। कार्यालयका लिखित परीक्षा प्रमुख राम अयोध्या राम हुन्।
कर्मचारीहरुले नै परीक्षार्थीलाई उत्तर लेख्न सिकाएको पाइएपछि अन्य परीक्षार्थीले भने कार्यालयका कर्मचारीबाटै बदमासी भएको र आफूहरु पास नहुने हो कि भन्दै चिन्ता गरेका छन्। उनीहरुले कार्यालयमा भइरहेको बदमासी क्यामेरामा कैद गरेर मधेशदृष्टिलाई पठाएका थिए।
ट्राफिक प्रहरी र कार्यालयको कर्मचारीको संयुक्त कार्यमा पनि बदमासी भइरहेको खबरपछि दुई महिनाअघि मधेशका मुख्यमन्त्री सरोजकुमार यादवले अनुगमन गरेर निर्देशन दिएपछि कार्यालयको बदमासी कम भएको थियो। त्यसपछि २० प्रतिशतसम्म परीक्षार्थी पास हुने गरेकामा अहिले फेरि कार्यालयका कर्मचारी र ट्राफिक प्रहरीकै मिलेमतोमा परीक्षार्थीलाई उत्तर लेख्न सिकाउँदै ४० प्रतिशतसम्म परीक्षार्थी पास गराउने खेल भइरहेको स्रोतले बताएको छ।

# मिटरब्याजीविरूद्ध १३८४८ उजुरी



**मधेशदृष्टि**
**जनकपुरधाम।**
अनुचित लेनदेन (मिटर ब्याज) सम्बन्धी जाँचबुझ आयोगको कार्यालय स्थापना भएसँगै मिटरब्याजीविरुद्धका उजुरी पर्ने क्रम बढदो छ।
प्रदेशको आठवटै जिल्लाका जिल्ला प्रशासन कार्यालयमा दैनिक सैयौँको संख्यामा मिटरब्याज पीडितले उजुरी दिइरहेका छन्। जिल्ला प्रशासन कार्यालयका कर्मचारीलाई उजुरी दर्ता गर्न भ्याइनभ्याइ छ।
उजुरीका लागि सुरूमा वैशाख ३१ गतेसम्मको समय तोकिएको थियो। त्यस अवधिमा उजुरी पर्ने क्रम जारी रहेकाले ७ दिन म्याद थप गरी जेठ ७ गतेसम्मका लागि बढाइयो। तर, जेठ ७ गतेसम्म पनि उजुरीको चाङ देखिएपछि पुनः जेठ १४ गतेसम्मका लागि समय थपिएको छ।
मधेश प्रदेशमा १९ दिनमा १३ हजार ८ सय ४८ उजुरी परेका छन्। सबभन्दा बढी बारामा २ हजार ९ सय ४७ उजुरी परेको बाराका सहायक प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद आचार्यले जानकारी दिए। धनुषामा २ हजार १ सय १ उजुरी प्राप्त भएको प्रमुख जिल्ला अधिकारी काशीराज दाहालले बताए।
सिरहामा १ हजार ९ सय ३० उजुरी परेको सिरहा प्रशासनका सूचना अधिकारी भवेश कुमार झाले बताए। महोत्तरीमा आइतबारसम्ममा १ हजार ६ सय ९१ उजुरी प्राप्त भएको सहायक प्रमुख जिल्ला अधिकारी उपेन्द्र न्यौपानेले जानकारी दिए।
रौतहटमा १९ दिनमा मिटरब्याजीविरुद्ध १ हजार ५ सय ८८ उजुरी प्राप्त भएको सूचना अधिकारी मणिभुषण साहले बताए। सर्लाहीमा १ हजार ४ सय ९८ उजुरी परेको सहायक प्रमुख जिल्ला अधिकारी होम प्रसाद घिमिरेले बताए।
जिल्ला प्रशासन कार्यालय सप्तरीमा १ हजार १ सय २७ उजुरी प्राप्त भएको सहायक प्रमुख जिल्ला अधिकारी लक्ष्मी आचार्य पराजुलीले जानकारी दिइन्। पर्सामा आइतबारसम्म मिटरब्याजीविरुद्ध ९ सय ६६ उजुरी दर्ता भएको सहायक प्रमुख जिल्ला अधिकारी शिव प्रसाद लम्सालले जानकारी दिए।

# सेवाग्राहीको खाताबाट ९ लाख रुपैयाँ गायब




**मधेशदृष्टि**
**रौतहट ।**
रौतहट स्थित एक नीजि बैंकबाट एकाएक ९ लाख रुपैयाँ खाताबाट गायब भएको छ। जिल्लाको चन्द्रनिगापुर स्थित माछापुच्छ्रे बैक शाखाबाट एक सेवाग्राहीको खाताबाट ९ लाख रुपैयाँ गायब भएको घटना सार्वजनिक भएको छ।

रौतहटको वृन्दावन नगरपालिका वडा नम्बर ३ का रामेश्वर राय यादव आइतबार चेक साट्न जाँदा खाताबाट रकम गायब भएको पत्ता लागेपछि खबर सार्वजनिक भएको हो । उनको खातामा ३ दिनअघि मात्र १२ लाख २० हजार रुपैयाँ जम्मा गरिएको थियो ।

बिहीबार बिहान यादव आफै १२ लाख २० हजार रुपैयाँ माछापुच्छ्रे बैंकमा चेक जम्मा गरेका थिए। उनको खातामा पैसा जम्मा भएको म्यासेज पनि मोबाइलमा शुक्रबार अपराह्न ३ बजे आएको यादवले बताए।

आइतबार कार्यालय समयमा ८ लाखको चेक लिएर बैंकमा साट्न जाँदा खाताबाट ९ लाख रुपैयाँ गायब भएको बैंकका कर्मचारीले बताएपछि आफू चकित भएको यादवले बताए। यादवले जनाए अनुसार बैंकको शाखा प्रमुख रामजी दाससँग खाताबाट कसरी पैसा गायब भयो भनेर सोध्दा उनले ह्याकरले पैसा लगेको हुनसक्ने जवाफ फर्काएका थिए। पैसा हराउँदासमेत बैंकले बेवास्ता गरेको भन्दै स्थानीयले बैंकमा जम्मा भएर होहल्ला समेत गरेका थिए ।

यस लगत्तै इलाका प्रहरी चन्द्रनिगाहपुरबाट बैंकमा गएको प्रहरीको टोलीले घटनाबारे अनुसन्धान थालेको जनाएको छ ।

सेवाग्राही यादवको खाताबाट तीनवटा नम्बरको मोबाइल प्रयोग गरी रकम निकालिएको देखिएको जनाइएको छ ।

# भलुवाहीमा मापदण्ड मिचेर उत्खनन्



**मधेशदृष्टि**
**वीरगंज।**
पर्साको पटेर्वा सुगौलीस्थित गादी र भलुवाही खोलामा मापदण्ड विपरीत उत्खनन गरिएको छ। सम्झौता विपरीत गिट्टी, बालुवा र ढुंगा उत्खनन भइरहेको पाइएको हो। २० फिटसम्म गहिरो खाल्डो खनेर उत्खनन भइरहेको स्थानीयले बताए। सम्झौतामा खोलामा ३ फिट गहिराइमा मात्रै उत्खनन गर्न पाउने र रुखको जराबाट १० फिट छोडेर मात्र उत्खनन् उल्लेख भए पनि जंगल नै विनाश हुने गरी उत्खनन भएको भन्दै स्थानीयले गुनासो गरेका छन्।

खोला उत्खननको ठेक्का उज्वल निर्माण सेवाले फागुन २९ गतेदेखि जेठ ३२ गतेसम्मका लागि ३४ लाख २५ हजार रुपैयाँमा लिएको छ।

# विनाबिल पौने करोडको सामान ?




**मधेशदृष्टि**
**वीरगंज।**
पर्सा प्रहरीले ७२ लाख मूल्य भन्दा बढीको बिल बिजक नभएको औषधी, हार्डवेयर तथा खुद्रा सामान लोड ट्रक सोमबार दिउँसो नियन्त्रणमा लिएको छ। वीरगंजबाट नेपालगंजतर्फ जाँदै गरेको ना६ख ३३८८ नम्बरको ट्रकलाई वीरगंज महानगरपालिका वडा नम्बर १६ बस पार्कस्थित सडक खण्डमा रोकी चेकजाँच गर्ने क्रममा ७२ लाख ७५ हजार ४ सय ८८ रुपैयाँ भन्दा बढीको विल बिजक नभएको औषधी, हार्डवेयर तथा खुद्रा सामान रहेको ट्रक नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता एवम् डिएसपी दीपक गिरीले जानकारी दिए। नियन्त्रणमा लिइएको ट्रक थप कारबाहीका लागि राजश्व अनुसन्धान कार्यालय पथलैया, बारामा बुझाइएको गिरीले बताए।

# शिवमहापुराणमा भारतीय भक्तजनको घुइँचो



**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजको आदर्शनगर मैदानमा आयोजित डोलेश्वर महादेव शिवमहापुराण कथामा भारतको सीमावर्ती क्षेत्रबाट नभई दिल्ली, पञ्जाब, हरियाणा, राजस्थान, गुजरातलगायतका स्थानबाट समेत भक्तजनको उल्लेख्य सहभागिता रहेको छ।

पुरुषार्थ आश्रम सेवा ट्रस्ट हरिद्वार एवम् वीरगंज महानगरबासीको आयोजनामा भइरहेको सातदिने प्रवचन कार्यक्रममा भारतका बिहार, उत्तरप्रदेश, झारखण्ड, दिल्ली, पञ्जाब, हरियाणा, राजस्थान, गुजरातलगायतका राज्यबाट हजारौँका संख्यामा श्रद्धालु भक्तजनको सहभागिता भइरहेको शिवमहापुराण कथाका संयोजक सुनील खेतानले जानकारी दिए।

जेठ ३ गतेदेखि मंगलबारसम्म दिउँसो २ देखि साँझ ५ बजेसम्म शिव महापुराण कथा वाचन हुने ट्रस्ट हरिद्वारका निरञ्जन महाराजले बताए।

मुख्य कथावाचक, भारतका विश्वविख्यात पण्डित प्रदीप मिश्र रहेको र सोमबार कथाको छैठौँ दिनसम्म उनका भारतीय अनुयायी एवम् समर्थक विभिन्न स्थानबाट वीरगंज आइरहेका आयोजक समितिका सदस्य जय प्रकाश खेतानले जानकारी दिए। प्रवचन सुन्न आउने सहभागीका लागि निःशुल्क गासबासको व्यवस्था मिलाइएको बताउदै आदर्शनगरमा सञ्चालन गरिएको भोजनालयमा दैनिक २५ हजार भन्दा बढीलाई खाना, नास्ता लगायतको सम्पूर्ण व्यवस्था मिलाइएको बताइएको छ। कथा प्रवचनसँगै भजन किर्तनसमेत हुँदै आएको छ।

# विकास र रोजगारी सिर्जनाका लागि प्रतिबद्ध: मन्त्री

**मधेशदृष्टि**
**महोत्तरी।**
श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीले जिल्लाको विकास र रोजगारी सिर्जना गर्नका लागि आफु लागि परेको बताएका छन्।

सोमबार महोत्तरीको मटिहानी नगरपालिकाद्वारा आयोजित एक कार्यक्रममा उनले विकास र रोजगारी सिर्जना गर्नका लागि प्रतिबद्ध रहेको बताए।

मन्त्री भण्डारीले वैदेशिक रोजगार व्यवस्थित बनाउनका लागि आफु लागि परेको बताए।

यस कार्यक्रममा मटिहानी नगरपालिकाका नगर प्रमुख हरिप्रसाद मण्डलले मन्त्री भण्डारीलाई दोसल्ला ओढाएर सम्ममान समेत गरेका थिए।

मन्त्री भण्डारीले प्रसिद्ध पौराणिक लक्ष्मीनारायण मन्दिर, लक्ष्मी सागरमा दर्शन पूजा र आरतीमा समेत सहभागी भएका थिए।

यस कार्यक्रम पूर्व सांसद निर्जला राउत, मधेश प्रदेशका माननीयहरु जैनुल राईन, रमिता प्रधान पनि सहभागी रहेका थिए।

# निवर्तमान मेयरले मागे माफी



**मधेशदृटि**
**जनकपुरधाम।**
जनकपुरधाम उपमहानगरपालिकाका निवर्तमान मेयर लालकिशोर साहले माफी मागेका छन्।

सोमबार धनुषा जिल्ला अदालतमा बेन्च नम्बर ४ का जिल्ला न्यायाधीश भिष्मराज प्रसाइको आदेशमा भएको मिलापत्रमा तत्कालीन मेयर साहले आफूहरुबाट भएको कमी कमजोरी स्वीकार्दै उनले मुद्दा फिर्ता लिन आग्रह गरेपछि मिलापत्र भएको हो।

झण्डै ३ वर्षसम्म अदालतमा चलेको मुद्दामा अन्ततः निवर्तमान मेयर लालकिशोर साहले माफी माग्दै मुद्दा टुंग्याउन आग्रह गरेपछि नेपाल पत्रकार महासंघ धनुषाका निवर्तमान अध्यक्ष अनिल मिश्र, कान्तिपुर टिभीका पत्रकार अमरकान्त ठाकुर, एपीवान टिभीका पत्रकार विकास साहलगायतले मिलापत्रमार्फत मुद्दा टुंग्याएका हुन्।

सोमबार अदालतमा निवर्तमान मेयर लालकिशोर र उनका तत्कालीन चालक गंगाराम मण्डल भौतिकरुपमै उपस्थित भई माफी माग्दै मुद्दा टुंग्याउन जिल्ला न्यायाधीश प्रसाइसमक्ष आग्रह गरेका थिए।

२०७६ पुस २२ गते जनकपुरधाम उपमहानगरपालिकामा केही सञ्चारकर्मीले जानकी मन्दिरको बाउन्ड्री भत्काएको विषयमा ८५ लाख रुपैयाँ अवैध तरिकाले स्थानीयसँग लिएको आरोपसम्बन्धी प्रतिक्रिया लिन गएका थिए। तर मेयर साहले आफ्नो कार्यकक्षमै पत्रकार अमरकान्त ठाकुर, विकास साह, सुभाष कर्णलगायतलाई गाली बेइज्जती गर्दै कार्यकक्ष बाहिर लगेर उपमहानगरपालिकाको कम्पाउन्डमा कुटपिट गरेका थिए।

यसअघि पनि सोही घटनाक्रममा अभद्र व्यवहार मुद्दामा जिल्ला प्रशासन कार्यालय धनुषाले दुई जना अभियुक्तलाई दण्ड जरिवाना फैसला गरेको थियो। धनुषाका तत्कालीन प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बास्तोलाले २०७८ असार २३ गते व्यवसायी धर्मेन्द्र साहलाई ५ सय रुपैयाँ र निवर्तमान मेयर साहका सचिवालयमा रहेका उपेन्द्र कुमार साहलाई १ हजार रुपैयाँ जरिवाना फैसला सुनाएको थियो।

तर यस घटनामा उल्टै निवर्तमान मेयर साहले आफ्नो गल्ती ढाकछोप गर्न उपमहानगरपालिकाको कामकाज १० दिनसम्म ठप्प गरी कार्मचारी र आफ्ना समर्थकबाट पत्रकारविरुद्ध नाराजुलुससमेत गर्न लगाएका थिए। आफ्नो गल्ती र कमीकजोरी ढाकछोप गर्न जनकपुरधाम उपमहानगरपालिकाकै कमकाज बन्द गरेपछि सेवाग्राही समस्यामा परेका थिए।

सेवाग्राही र नागरिक समाजको दबाबपछि उपमहानगरपालिकाको कामकाज सुरु भएको थियो।

कान्तिपुर टिभीका पत्रकार अमरकान्त ठाकुर, एपीवान टिभीका पत्रकार विकास साह, पत्रकार सुभाष कर्ण, सुमित मिश्रलगायतका पत्रकारलाई तत्कालीन मेयर लालकिशोर साहले दुर्व्यवहारसहित कुटपिटसमेत गरेका थिए।

स्थानीय तहको निर्वाचनमा उनी जनकपुरधाम उपमहानगरपालिकामा प्रत्यासी थिए।

# सञ्चालनमा आयो त्रिशला




**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंजमा सवा २ कठ्ठा क्षेत्रफलमा २ करोड रुपैयाँ लगानीमा त्रिश्ला रेस्टुरेन्ट सञ्चालनमा आएको छ।

युवा उद्यमी अनमोल साहले वीरगंजको आदर्शनगरस्थित पुरानो बसपार्क नजिक सञ्चालन गरेको रेस्टुरेन्टको सोमबार वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले उद्घाटन गरे। रेस्टुरेन्ट उद्घाटन गर्दै प्रमुख सिंहले सुस्ताएको अर्थतन्त्रलाई चलायमान बनाउन अत्याधुनिक सेवा सुविधासहितको होटल एवम् रेस्टुरेन्टले सघाउ पुग्ने विश्वास व्यक्त गरे। वीरगंज महानगरपालिकाले पनि सेवा सुविधायुक्त होटल रेस्टुरेन्टलगायतका संरचनामा लगानी गर्न प्रोत्साहन गरिरहेको बताउँदै उनले निरन्तर चल्ने र अझै लगानी बढाउने वातावरण निर्माण गर्नुपर्नेमा जोड दिए। होटल तथा पर्यटन व्यवसायी संघ वीरगंजका अध्यक्ष हरि पन्तले ठूला लगानीका होटल तथा रेस्टुरेन्ट खुल्नुलाई सकारात्मक रुपमा लिनुपर्ने बताए। पर्यटनको प्रवर्द्धनमा होटल र रेस्टुरेन्टले पनि महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको बताउँदै उनले वीरगंजलाई पर्यटकीय गन्तव्यका रुपमा विकास गरिनु पर्नेमा जोड दिए। त्रिश्ला रेस्टुरेन्ट उद्घाटनमा वीरगंज उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष गोपाल केडिया, वरिष्ठ उद्योगी मुर्लीधर रुंगटा, रुंगटा वेलफेयर सोसाइटीका अध्यक्ष सुरेश रुंगटा, युवा उद्यमी निरज अग्रवाललगायतका उद्योगी एवम् व्यवसायीको उपस्थिति थियो।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### धनुषा (०४१)

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९०<br>५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४<br>५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

### महोत्तरी (०४४)

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

### रत्नसागर मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

### जानकी मन्दिर (प्रत्यके दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझभ्का : | ०७:३० बजे |

### राम मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
रचनात्मक काम तिर धेरै मन जाने देखिन्छ। नराम्रो काम तिर भने मन जाने देखिन्न।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
मिठो खाना र उपहार पौने योग रहेको छ। मन डराउने छ।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
चिन्ता बढ्ला जस्तो छ। काम गर्दा विचार पुराउनु होला।

**कर्कट - CANCER** हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आफन्त वा साथीहरु बाटै काममा अवरोध आउला।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
घाउ चोटपटक वा दुर्घटनाको भय होला।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
काममा परिवारको पर्याप्त सहयोग प्राप्त हुने देखिन्छ।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
नोकरीबाट भलायिको काम हुने छ। शारीरिक शुखभोग प्राप्त हुने देखिन्छ।

**वृश्चिक - SCORPIO** तो,ना,नि,नु,ने,नो,या,यि,यु
शरीरमा केहि बाघा आउनेछ। केहि बोल्दा फेरी एकदम ध्यान दिनु पर्नेछ।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
सरकारी जागिरबाट भने राम्रो फाइदा हुने योग रहेको छ।

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
तपाईले गर्नु भएको काम अथवा जागिरबाट भने खासै त्येस्तो नराम्रो देखिन्न।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
जागिर पनि शिक्षाको भए अझ राम्रो रहेको छ।

**मीन - PISCES** दि,दु,थ,झ,ञ,दे,दो,च,चि
शरीरमा केहि त्येस्तो खराबी देखिएता पनि तपाईको काममा भने खासै अवरोध भने नआउला।

# चोरी तस्करीमा प्रहरी प्रशासनको सहयोगः अग्रवाल

विनय कर्ण ।
सप्तरी ।

सप्तरी उद्योग वाणिज्य संघका अध्यक्ष लालुप्रसाद अग्रवालले खुला सीमाबाट हुने चोरी निकासी पैठारीका कारण सप्तरीको उद्योग व्यवसाय धरासायी भएको बताएका छन् ।

राजविराजमा सोमबार पत्रकार सम्मेलन गरी उनले आर्थिक तरलता र खुलासीमाका कारण बढ्दै गएको चोरी निकासी पैठारीले यहाँका करिब दुईसय सटर बन्द भएको बताए । उनले जिल्लामा चोरी, तस्करी बढेको प्रति स्थानीय प्रशासनलाई बेलाबेला जानकारी गराइएको भए पनि चासो नलिएकामा असन्तुष्टि पोखे ।

अध्यक्ष अग्रवालले चोरी निकासी पैठारीलाई स्थानीय प्रहरी, प्रशासनले संरक्षण दिएको समेत आरोप लगाए । 'पटक-पटक प्रहरी प्रशासनलाई चोरी निकासी पैठारी, तस्करी नियन्त्रण गर्न आग्रह गरे पनि त्यतातिर ध्यान गएको छैन, यसले स्पष्ट पार्छ कि चोरी तस्करीमा प्रहरी प्रशासनको पनि सहयोग छ,' उनले पत्रकार सम्मेलनमा भने, 'चोरी तस्करी नियन्त्रण नभएकै कारण सिमानाकाबाट चुरेसम्मको बजारमा सामान पुग्ने गरेको छ, त्यसमा कुनै व्यापारी नै संलग्न छ भने अहिलेसम्म प्रशासनले किन छापा नमारेको होला ?'

जिल्लाका हरेक सीमानाकाबाट चोरी, तस्करी भइरहेको प्रहरी प्रशासनलाई जानकारी गराउँदा आफूलाई नै सोबारेमा सूचना दिन भनेको प्रति आश्चर्य प्रकट गर्दै उनले आफूहरु व्यापारी हो कि सुराकी भनेर प्रश्न गरे । आफूहरु सुकारी नभई व्यापारी भएको उनले बताउँदै भने, 'सीमानाकामा प्रहरी त्यसै कामको लागि राखिएको छ, नियन्त्रण गर्नु उनीहरुको ड्युटी हो ।'

> जिल्लाका हरेक सीमानाकाबाट चोरी, तस्करी भइरहेको प्रहरी प्रशासनलाई जानकारी गराउँदा आफूलाई नै सोबारेमा सूचना दिन भनेको प्रति आश्चर्य प्रकट गर्दै उनले आफूहरु व्यापारी हो कि सुराकी भनेर प्रश्न गरे । आफूहरु सुकारी नभई व्यापारी भएको उनले बताउँदै भने, 'सीमानाकामा प्रहरी त्यसै कामको लागि राखिएको छ, नियन्त्रण गर्नु उनीहरुको ड्युटी हो ।'




पत्रकार सम्मेलनमा नेपाल उद्योग वाणिज्य संघका केन्द्रीय सदस्य अरूण प्रधानले नेपाल राष्ट्र बैंकले लागु गरेको मौद्रिक नीति स्थानीय बैंकहरुले कार्यान्वयन नगर्दा उद्योगी व्यवसायी समस्यामा परेको उल्लेख गरे । उनले राज्य उदासीन हुँदा कर्जा र ब्याजकै कारण व्यापारी आत्महत्या गर्ने अवस्थासम्ममा पुगेको बताए ।

यसैबीच सप्तरी उद्योग वाणिज्य संघले सरकारसमक्ष आठबुँदे माग प्रस्तुत गरेको छ । नेपाल सरकारले ल्याउन लागेको बजेटमार्फत माग पूरा गरी समस्या समाधान गर्न स्थानीय, प्रदेश र संघीय सरकारलाई उद्योग वाणिज्य संघले अपिल गरेको छ ।

१. आर्थिक मन्दीका कारण विभिन्न क्षेत्रका उद्योग तथा व्यवसाय प्रभावित भई बन्द हुने अवस्थामा रहेको छ । यो आर्थिक मन्दी हटाई उद्योग व्यवसायी स्थापित गर्नेतर्फ आवश्यक व्यवस्थापनको माग गर्दछौँ ।

२. आर्थिक मन्दीका कारण विभिन्न क्षेत्रका उद्योग व्यवसाय धरापमा रहेको अवस्थामा वित्तीय क्षेत्रबाट अप्रत्यासितरुपमा वृद्धि गरिएको ब्याजले व्यवसायी त्रसित भएका छन् र समयमा ऋणको ब्याजसमेत बुझाउन नसकेका व्यवसायीलाई ऋृण चुक्ता गर्न अनावश्यक दबाब दिइरहेका कारण विभिन्न सञ्चारमाध्यमबाट व्यवसायी आत्महत्या गर्न बाध्य भएको समाचार आएको सन्दर्भमा यसलाई सक्दो छिटो सरल र सहज बनाउनेतर्फ हाम्रो माग छ ।

३. विगत १५ वर्षदेखि वित्तीय संस्थाहरुले आर्थिक तरलता देखाई ऋृण प्रवाह गर्न रोक लगाएको छ भने अर्कोतर्फ नेपाल सरकारले कित्ताकाटमा रोक लागाएको कारण व्यवसायीहरु आआफनो अचल सम्पत्ति बेचविखन गर्नसमेत बन्द रहेका कारण वित्तीय संस्थाको झन् दबाब आएको हुँदा वित्तीय क्षेत्रलाई ऋृण प्रवाह गर्नेतर्फ आवश्यक पहल हुन माग गर्दछौँ ।

४. खुला सीमानाका कारण सीमाक्षेत्रलगायत चुरे क्षेत्रसम्मका बजार सुनसान बन्दै गएको छ । यसतर्फ समय समयमा प्रहरी प्रशासनलाई अनुरोध गर्दा त्यसतर्फसमेत कुनै प्रकारको साकारात्मक पहल नभएका कारण चोरी निकासी, पैठारीतर्फ नियन्त्रण गर्न माग गर्दछौँ ।

५. राष्ट्रमा बैंकहरु ऋृण प्रवाह गर्न बन्द गरेदेखि मिटरब्याजीहरुको चलखेल बढेको छ । मिटरब्याजीहरुका कारण धेरै व्यवसायीको उठिबास भएको छ भने धेरैले आत्महत्या गर्न बाध्य भएका छन् । तसर्थ यसतर्फ सरकारले ठोस पहल गर्न माग गर्दछौँ ।

६. नेपाल राष्ट्रबैंकले ल्याएको मौद्रिक नीतिमा समयसमयमा गरिएको मौद्रिक समीक्षाबाट उद्योग व्यवसायीलाई सहज हुने गरी ल्याइएको नीतिहरुलाई नजरअन्दाज गरी मौद्रिक नीतिको विपरीत उद्योगीव्यसायीलाई ब्याज तिर्न र ऋृण चुक्ता गर्न दबाब दिइरहेको छ । पछिल्लोपटक आएको मौद्रिक नीतिमा १० प्रतिशत ब्याज बुझाएमा २०८० असार मसान्तसम्मका लागि ऋृण पुनःतालिका गर्न भनिएकामा बैंकहरुले सो नीतिका विपरीत व्यवसायीहरुलाई दबाब दिइरहेको पाइएको छ । मौद्रिक नीतिअनुसार वित्तीय संस्थाहरु सञ्चालन हुन हाम्रो माग छ ।

७. कृषि उत्पादनतर्फ सरकारले व्यवसायिक कृषि नीति ल्याउन आवश्यक देखिन्छ । व्यवसायिक कृषि नीति ल्याई क्षेत्रगत रुपमा कृषि उत्पादन वृद्धि गर्न पहल गर्नुपर्ने हाम्रो माग छ ।

८. प्रत्येक वर्ष स्थानीय सरकारले लगाउनु पर्ने व्यवसायिक कर तथा विभिन्न सिफारिस दस्तुर घटाउन आवश्यक देखिन्छ । तर स्थानीय सरकारले वर्षैपिच्छे कर र सिफारिस दस्तुर बढाउने प्रक्रिया हटाउनु पर्ने हाम्रो माग छ ।

# नियमविपरीत उत्खनन् रोक्न ज्ञापन



मुकेश कुमार यादव
सिरहा ।

चुरे संरक्षण तथा पर्यटन प्रवर्द्धन फाउन्डेसन नेपालले जिल्लाको विभिन्न स्थानबाट हुँदै आएको अवैध तथा अनियन्त्रित नदीजन्य पदार्थ उत्खनन्को नियमन तथा नियन्त्रण गर्न मागसहित जिल्ला प्रशासन कार्यालय सिरहामा ज्ञापनपत्र बुझाएको छ । सरकारले तोकेको मामदण्ड विपरीत तथा वातावरणमा प्रतिकुल प्रभाव पर्नेगरी भएको उत्खनन् रोक्न माग गर्दै फाउन्डेसनका अध्यक्ष विणुकुमार साह नेतृत्वसहितको टोलीले प्रमुख जिल्ला अधिकारी भोजराज खतिवडामार्फत विभिन्न सरोकारवाला निकायलाई ज्ञापनपत्र बुझाएको हो ।

फाउन्डेसनले बुझाएको ज्ञापनपत्रमा जिल्लाका विभिन्न नदी तथा स्थानबाट मापदण्ड विपरीत भइरहेको उत्खनन्ले वातावरणीय असन्तुलन, चुरे विनास, भूक्षय तथा पानीका मुहानरु सुक्नथालेकाले उत्खनन् तत्काल रोक्न माग गरेको छ । कमलानदीको जथाभाभी उत्खनन्का कारण किनारमा रहेका सिरहातर्फका कर्जन्हा, कल्याणपुर र सिरहा नगरपालिका प्रत्यके वर्ष प्रभावित हुने गरेको छ । धनुषातर्फको चारनाथ तथा कमला नगरपालिकाका बासिन्दा प्रभावित हुने गरेका छन् । फाउन्डेसनले वन तथा पर्यटन मन्त्रालय मधेश प्रदेश, जिल्ला समन्वय समिति सिरहा, धनुषा, जिल्ला प्रशासन कार्यालय, कर्जन्हा नगरपालिका र गणेशमान चारनाथ नगरपालिकालाई ज्ञापनपत्र बोधार्थ दिएको छ ।

# मेयर साहद्वारा झोलुङ्गे पुल उद्घाटन

मधेशदृष्टि
रौतहट ।

गौर नगरपालिकाका मेयर शम्भु साहले झोलुङ्गे पुल उद्घाटन गरेका छन । सोमबार मेयर साहले गौर नगरपालिका-५ गौरीशङ्कर क्याम्पसस्थित बरहवा तालमा निर्मित झोलुङ्गे पुल उद्घाटन गरेका हुन् । उदघाटनसँगै पुल सर्वसाधारणलाई प्रयोगका लागि सञ्चालनमा आएको छ । टिबिएसयु हेल्भिटासको ३५ लाख र गौर नगरपालिकाको ३० लाख गरी ६५ लाख रुपैयाँको लागतमा पुल निर्माण भएको हो ।

नगरप्रमुख साहले मधेश प्रदेशमै वित्तीय समानीकरण अनुदानअन्तर्गत कार्य सम्पादन मूल्याङ्कनमा गौर नगरपालिका प्रथम स्थान हासिल गर्न सफल भएको बताए । शिक्षा, स्वास्थ्य र भौतिक पूर्वाधारमा मधेश प्रदेशमै उत्कृष्ट भई अगाडि बढिरहेकाले सबै पक्षबाट सहयोग भए गौर नगरपालिका देशकै नमूना नगरपालिकाका रूपमा स्थापित हुने विश्वास व्यक्त गरे ।

गौरका निवर्तमान मेयर अजय गुप्ताले झोलुङ्गे पुल अधुरो छाडेका कारण हेल्भिटासले गौर नगरपालिकालाई कालो सूचीमा राखेको थियो । झोलुङ्गे पुल निर्माण कार्य तत्काल सम्पन्न गर्नुपरेको नगरप्रमुख साहको भनाइ छ ।

# करोडभन्दा बढीमा ठेक्का लाग्यो बागवानीको आँप

रासस
सर्लाही ।

सर्लाही लालबन्दी नगरपालिका-१ स्थित नवलपुरको उष्ण प्रदेशीय बागवानी केन्द्रले यसवर्ष रु एक करोड ११ लाख ६० हजारमा आँप ठेक्का लगाएको छ।

केन्द्रका निमित्त प्रमुख रामकुमार यादवले यसवर्ष विगतको तुलनामा धेरै आँप फलेकाले सबैभन्दा बढी रकममा आँप ठेक्का लागेको बताए। करिब तीन सय बिघा क्षेत्रफलमा फैलिएको बागवानी केन्द्रमा छ हजार आँप र छ सय २१ लिचीका बोट छन् । यहाँ ३५ जातका आँप र आठ जातका लिचीका बोट छन्।



बगैँचामा भारतमा पाइने बम्बई, मालदह, दसहरी, अम्रपालि, कलकतिया, निलम, मलिका, सुकतारा, सिपिया, कृष्णभोग र जर्दा जातका आँप छन् भने पाकिस्तानमा पाइने अमनदसहरी, फजिली, अनबरतौल, नुरजाहा र अबेहयात जातका आँपका बोट छन् । साथै थाइल्याण्डमा पाइने डकमाइ र अमेरिकामा पाइने हेडेन तथा केन्ट जातका आँप पनि छन् भने अर्लीलार्ज रेड, शाही, मुज्फरपुर, सिडलेस, मैक्लिन, बम्बई, कलकतिया र चाइन गरी आठ प्रजातिका लिचीका बोट छन्।

यस वर्षका लागि लिची रु १२ लाख १८ हजारमा ठेक्का लगाइसकेको केन्द्रका निमित्त प्रमुख यादवले बताए । 'केन्द्रमा यसवर्ष विगतका तुलनामा आँप धेरै फले पनि लिची भने कम फलेको तर लिचीमा पनि विगतको तुलनामा बढी रकममा ठेक्का लागेको छ', उनले भने । यसवर्ष आँपमा औषधि तथा विषादी छर्कनका लागि करिब रु २४ लाख खर्च गरी आधुनिक मेसिनसमेत खरिद गरेर ल्याइएको केन्द्रले जनाएको छ । जमिनबाट ६० फिट उचाइसम्म सजिलै विषादी छर्न सकिने यो मेसिन नेपालमै पहिलो पटक प्रयोग भइरहेको केन्द्र प्रमुख यादवले बताए।

# विद्यालय भवन र मन्दिर शिलान्यास



मधेशदृष्टि
रौतहट।

माधवनारायण नगरपालिकाका मेयर बैजनाथ यादवले एकैदिन ७० लाख रुपैयाा बराबरको दुई योजना शिलान्यास गरेका छन्।

मेयर यादवले सोमबार माधोपुरस्थित ब्रह्मस्थानको मन्दिर र वडा ४ मा मावि विशुनपूर्वाको ४ कोठे भवन शिलान्यास गरे । मन्दिर निर्माणका लागि वडास्तरीय बजेटबाट २५ लाख रुपैयाँ छुट्याइएको तथा विद्यालय भवन निर्माणमा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमअन्तर्गत ४५ लाख रुपैयाँको योजना रहेको प्रमुख प्रशासकीय अधिकृत देवनाथ यादवले बताए।

शिलान्यासमा मेयर यादव, उपमेयर निर्मला देवी रमण, विद्यालयका अध्यक्षा विशाल भण्डारी, प्रधानाध्यापक राजेश कुमार यादवलगायतको उपस्थिति थियो।

# सार्वजनिक शौचालय र स्नानघर निर्माण हुँदै

मधेशदृष्टि
रौतहट।

धार्मिकस्थल गरुडा नगरपालिकाअन्तर्गत शिवनगर महादेव स्थाननजिकै सार्वजनिक शौचालय तथा स्नानघर निर्माण भइरहेको छ।

गरुडा नगरपालिकाको आर्थिक लगानीमा शौचालय तथा स्नानघर निर्माण हुन लागेको हो । शिवनगर महादेव स्थानमा श्रीपञ्चमी शिवरात्रीका साथै प्रत्येक आइतबार दर्शनार्थीको भीड लाग्ने गर्दछ । दर्शनार्थी मन्दिर छेउको झाँझ नदीमा स्नान गरी जल चढाउने गर्दछन् । पुरूषहरु स्नान गरी जल चढाउदा खासै फरक नपरे पनि महिला श्रद्धालुलाई समस्या भइरहेको थियो।



गरुडा नगरपालिकाले गरेको सार्वजनिक सुनुवाईमा सहभागीले धार्मिकस्थल शिवनगरमा स्नानकक्ष निर्माणबारे प्रश्न उठाएका थिए । 'शिवनगरमा आम तीर्थालु तथा भक्तजनलाई मध्यनजर गर्दै स्नानघर निर्माणका लागि आश्वासन दिएका थियौँ,' गरुडा नगरपालिकाका मेयर कन्थमनि जैसवालले भने, 'प्रतिवद्धताअनुरुप शिवनगरमा स्नानघर तथा शौचालय निर्माणका लागि शिलान्यास गरेका छौँ ।'

शिवनगर महादेव मन्दिरलाई पर्यटकीय स्थलका रूपमा थप विकास गर्न गरुडा नगरपालिका तयार रहेको मेयर जैसवालले प्रतिवद्धता जनाए । कार्यक्रममा वडा अध्यक्ष विनोद जैसवाललगायतको सहभागिता थियो । सार्वजनिक शौचालय र स्नानघर २० लाख रुपैयाँ लागतमा निर्माण हुन लागेको हो।






**राजनीति रक्तपातरहित युद्ध हो भने युद्ध रक्तपातसहितको राजनीति हो।**

- माओत्सेतुङ

## सम्पादकीय

# असामान्य जनजीवन

तराई मधेशको तापक्रम उच्च हुने क्रम जारी छ। यो बढ्दो तापक्रमले भूगोल मात्र प्रभावित भएको छैन। आममानिस अनावश्यक तनावमा पर्न थालेका छन्। तनाव बढेपछि मानिसमा चिढ्चिढापन देखिएको छ। झनक्क रिसाउने, तनाव लिने, अनावश्यक तर्क गर्ने, असन्तुष्ट रहने लगायतका स्वभाव पनि देखाउन थाल्छ । अर्कातिर गर्मीले बाहिर निस्कन नसक्दा कमाइ घटेको छ। काम गर्न असहज भएपछि पक्कै पनि परिवारको बोझ बढ्ने नै भयो । यो बोझ र गर्मीको अस्वाभाविक तापले पनि जनजीवन अरु तनावमा बित्ने गरेको छ । त्यसैले धेरै मान्छे शारिरीक रुपमा र मानसिक रुपमै थकित देखिन्छ। यो थकान, तनावले मान्छे बिरामी पनि हुन सक्छ। कुनै झमेलामा पनि पर्न सक्छ। कहीँ गएर लड्न सक्छ। बिरामी पर्न सक्छ। त्यसैले यस्तो बेला अरु समयमा भन्दा बढी परिवारका सदस्यको ख्याल गर्नु पर्छ।

बिहानै प्रचण्ड गर्मीले सबैलाई तताएको हुन्छ। यो गर्मीले काम गर्न सकस हुन्छ। अर्कातिर काममा निस्कनै नसक्ने अवस्था बन्छ। खासगरी सामान्य परिवारका ज्यालादारीमा बाँचेको परिवारलाई दैनिकीमै समस्या हुने गर्छ भने ठप्प रहेको व्यापार व्यवसायका कारण व्यापारीहरु समस्यामा पर्छन्। उनीहरुको पनि कारोबार खस्किएको हुन्छ। उसो त उद्योगले गरेको उत्पादन बजारमा पठाउन समस्या छ। उद्योगले उत्पादन बजार पठाए पनि व्यापार नभएर रकम उद्योगसम्म नआउने भएपछि उद्योगीहरु पनि उत्पादन नै स्थगन गरेर बस्नु पर्ने अवस्था छ। ग्राहक नआएर व्यापारीले पसल बन्द गर्नु पर्ने अवस्था छ। हपहपी बढेको गर्मी, छिनछिनमै गइरहने बिजुलीका कारण मान्छेमा तनाव स्वतः बढ्छ। यसले बिरामी नै पार्न सक्छ। चिसोमा बस्ने, नुहाइधुवाइ गर्ने, आराम गर्ने, पानी बढी पिउने काम गर्नु नै गर्मीबाट बच्ने उपाय हो। सबै तनावमा छन्, मौसम यस्तै छ। माहौल यस्तै छ, समायोजन हुँदै समस्या टार्दै जाने हो भनेर सम्झाइबुझाइ जरुरी छ। अर्कातिर यस्तो बेला टोलछिमेकमा भइरहेका अपराध, आन्दोलनले पनि मानिसलाई तनाव नै दिन्छ, प्रेसर बढाउँछ। यस्तो बेला स्वास्थ्यको ख्याल आफैँले राख्ने हो।

गर्मीको अर्को खतरा आगलागी हो। कुनै पनि बेला केही पदार्थ मात्रै घर्षण भएर पनि तापले आगो निस्कन सक्छ र त्यसले दुर्घटना निम्त्याउन सक्छ। विद्युत्को भोल्टेज गडबडी भइरहन्छ। यसले पनि खतरा नै निम्त्याउने भएकाले चार्जमा लगाइरहने बानी, आदत पनि जोखिमपूर्ण हुन सक्छ। मोबाइलमा कुरा गरिरहँदा विद्युत्को गडबढी, तापले मोबाइलमा पनि समस्या आउन सक्छ। यस्तो विषयवस्तुहरु हेर्दा सामान्य लागे पनि मानवीय जीवनसँग जोडिएका पाटा हुन्। यो पाटोलाई हामीले मनन् गर्दै सावधानी अपनाउन जरुरी छ। आगलागीका घटना, ससाना कुरामा चिढिएर तनाव बढ्दै झैझगडालगायतका विषयहरु हाम्रै वरिपरी भइरहेका छन्। यसबाट हामीले सिक्ने के हो भने असामान्य जनजीवनलाई सामान्य बनाउन हामीले नै पहल गर्ने हो। हामी नै समायोजन हुँदै जाने हो। अरुको जीवन पनि बचाउने हो।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला। लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

# एकनजर छिमेकीतर्फ

*सन २०१४ मा कांग्रेस नेतृत्वको सरकार पराजित गरी भारतीय जनता पार्टीको सरकार स्थापित हुँदाका बखत 'अच्छेदिन आएगे' को वचन दिँदै सब्सिडीमा ४ सय भारुमा पाइने ग्यास सिलिन्डर र रु. ३५-४० रुपैयाँ भारुमा पाइने पेट्रोल अति महङ्गो भनेर लडिएको चुनावमा अहिले २०२३ आइपुग्दा खुला बजारमा सिलिन्डर भारु १ हजार १ सय र पेट्रोल १ सय रुपैयाँ भारु प्रतिलिटरको हाराहारीमा पुग्न आँटेको पाइन्छ।*

● **विनोद कुमार गुप्ता**

भारतसँग हाम्रो धेरै पुरानो धार्मिक र सांस्कृतिक सम्बन्ध रहेको छ। आजकल कम भए पनि आदिकालदेखि बेटीरोटीको सम्बन्ध पनि चल्दै आएकै हो। नेपालले खुला व्यापार नीति अवलम्बन गरिसक्दा समेत अहिले पनि कुल व्यापारको ६६-७० % भारतसँगै छ र व्यापार घाटासमेत सबैभन्दा बढी भारतसँग नै रहेको छ। भारतको राजनीति र अर्थ नीति दुवैको प्रभाव हामीकहाँ पर्ने गरेको छ र खुला सीमाना एवम् निर्बाध व्यापारको व्यवस्थालगायतका कारणले गर्दा भारतीय अर्थतन्त्रको प्रभावबाट हाम्रो अर्थतन्त्र प्रभावित हुने गरेको तथ्यलाई नकार्न नसकिने सन्दर्भमा अहिले अन्तरर्राष्ट्रिय मुद्राकोषले अब आर्थिक मन्दीको प्रभाव भारतमा समेत पर्ने भनी गरेको प्रक्षेपण हाम्रा लागि चिन्ताको विषय बन्नु पर्ने हो। किनभने कोरोना दुष्प्रभावका साथै तरलताको कमी, बढ्दो मुद्रास्फिति एवम् महँगाइका कारणबाट कमजोर हुन पुगेको हाम्रो अर्थतन्त्रमा झन मन्दीको प्रभावले कति प्रभाव पार्ने हो भन्ने प्रश्न खडा हुन्छ।

मध्यम वर्गको सुदृढ आर्थिक स्थिति तथा प्रविधिको विकासका कारण उदीयमान शक्तिराष्ट्र बन्न ५ ट्रिलियनको इकोनोमी बन्न हिँडेको भारतको वर्तमान अवस्था किन यस्तो भएको हो भनेर विचार गर्दा भारतको राजनीतिक घटनाक्रमतर्फ ध्यान केन्द्रित हुन पुग्छ। सन २०१४ मा कांग्रेस नेतृत्वको सरकार पराजित गरी भारतीय जनता पार्टीको सरकार स्थापित हुँदाका बखत 'अच्छेदिन आएगे' को वचन दिँदै सब्सिडीमा ४ सय भारुमा पाइने ग्यास सिलिन्डर र रु. ३५-४० रुपैयाँ भारुमा पाइने पेट्रोल अति महङ्गो भनेर लडिएको चुनावमा अहिले २०२३ आइपुग्दा खुला बजारमा सिलिन्डर भारु १ हजार १ सय र पेट्रोल १ सय रुपैयाँ भारु प्रतिलिटरको हाराहारीमा पुग्न आँटेको पाइन्छ। वर्षेनी २ करोड रोजगार र सबै भारतीयको खातामा कालाधनको पैसा फिर्ता ल्याइ बाँड्ने वाचा पनि पूरा हुनसकेको देखिँदैन। यसै दौरान बिजेपीका नेताद्वय भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी तथा गृहमन्त्री अमित शाहले कांग्रेसमुक्त भारतको कल्पनासम्म गर्न भ्याएर कांग्रेसका नेता राहुल गान्धीलाई पप्पु बनाउन अथक प्रयास गरिरहेकै हुन्।

तर अब आएर तिनै पप्पु उपनाम दिइएका राहुल गान्धीले 'न खाउँगा न खाने दुंगा' को रट लगाउने प्रधानमन्त्रीलाई विगत ४-५ हप्तादेखि मौनी बाबा बनाइदिएको दृष्य देख्न थालिएको छ। प्रसङ्ग मोदी अडानी सम्बन्धको हो। हिडन वर्गको रिपोर्ट प्रकाशित भएदेखि फोर्ब्सको धनाढ्यको सूचीमा दोस्रो स्थानमा विराजमान अडानी अहिले तल कता हो कता पुगिसकेका छन्। राहुल गान्धीको एउटै यक्ष प्रश्न छ, अडानी समूहमा लगानी भएको २० हजार करोड रुपैयाँको स्रोत के हो ? यो रकम कसको हो ? उनले यससँग सम्बन्धित कागजात भारतीय संसदको सभामुखलाई बुझाउदै संसदमा बोल्न समय मागेका थिए तर उनलाई बोल्ने समय दिइएन र सम्भतः भारतीय लोकतन्त्रको इतिहासमा पहिलोपटक सदनको ध्वनि प्रणाली नै बन्द गरियो।

संसद चलेको छैन तर पनि विनाछलफल बजेट भने स्वीकृत गराइएको छ। राहुल गान्धीलाई तह लगाउन उनको संसद सदस्यता मानहानीको मुद्दाको आधारमा अदालतको आदेशाअनुसार रद्ध गरिएको छ। कांग्रेसलगायत सम्पूर्ण भारतीय विपक्ष अहिले एकजुट भइ यस्ता क्रियाकलापको विरोध गर्दैछन्। यो सबै राजनीतिक रङ्गमञ्चका कुरा भनेर उम्किन सकिएला तर यसैबीच भारतीय सञ्चारमाध्यममध्येको एक अंग्रेजी दैनिक पत्रिकामा प्रकाशित अक्सफाम इन्डियाको इनइक्वेलिटी किल्स शीर्षकको लेखलाई भारतीय सामाजिक सञ्जालमा प्रसारित गरिएको छ, जसले भारतीय अर्थतन्त्रको पनि अत्यन्त डरलाग्दो अवस्था उजागर गरेको छ। रिपोर्टअनुसार सन २०२० पछि भारतमा ४.५ करोड गरिब थपिएका छन् भने सन २०२० मा १ सय अरबपतिहरु रहेको र तिनको कुल सम्पत्ति ८ अरब डलर रहेकामा यो संख्या २०२१ मा बढेर १ सय ४२ हुन पुगेको र सम्पत्ति ५०.५ अरब डलर हुन पुगेको छ।

जुन भारतको बजेट ४१% हुन आउँछ। भारतमा अरबपतिहरुको संख्या चीन र अमेरिकापछि विश्वमै सबभन्दा बढी भएको र यसमध्ये पनि अरबपतिहरुको कुल सम्पत्तिको आधा हिस्सा अडानी र अम्बानी परिवारको रहेको देखिन्छ। मध्यम वर्गीयहरुको हालको रुपमा जनसंघबाट भारतीय जनता दलमा रुपान्तरित भएको यो दलको नाममा मात्रै होइन काममा समेत परिवर्तन गर्दै सन २०१४ बाट धनाढ्यहरुको दलको रुपमा परिवर्तित भएको छ। भारतीय सञ्जालहरुले दिने गरेको सूचनालाई आधार मान्ने हो भने सन २०१४ पश्चात भाजपाले अहिले सम्ममा २३ हजार करोड प्रचारप्रसारमा मात्रै खर्च गरेको छ भने भगोडा पुँजिपतिहरुको करिब ११ लाख करोड रुपैयाँ राइट अफ गरेको छ।

तर यसपालि राहुल गान्धीले २० हजार करोडको स्रोत के हो र यो रकम कसको हो भन्ने बारे लिएको अडान र प्रम मोदीको एमए तथा बिएको डिग्री एवम् प्रमाणपत्रका कारण उठेको विवाद साम्य हुने सुरसार देखिएको छैन। भारतका वरिष्ठ पत्रकारहरुले केहीदिनमै देश बाहिरबाट २० हजार करोड कसको हो भन्नेबारे जानकारी आउनसक्ने आंशका व्यक्त गरिरहेका छन् भने शैक्षिक योग्यताबारे दिल्लीका मुख्यमन्त्री अरविन्दकेजरीवाललाई गुजरातको अदालतले लगाइदिएको २५ हजार जुर्मानाले यो विवाद झन चर्काएको छ। मे १० अप्रिलका दिन सामाजिक सञ्जालमा भारतीय अंग्रेजी दैनिक इन्डियन एक्स्प्रेसले २० हजार करोड कसको हो भन्ने खुलासा गरेको समाचार दिनमा प्रसारति भए पनि अपरान्हपछि त्यस्ता सबै समाचारहरु सञ्जालबाट हटाइएका थिए।

भारतमा अहिले भएको कर्णाटक विधान सभाको २ सय २४ सिटमा कांग्रेसले १ सय ३६ र भाजपाले ६६ सिट प्राप्त गरेकाले भाजपामा भूइँचालो नै गएको छ। त्यसैगरी महाराष्ट्रमा पनि भाजपा सर्मथित सरकार सर्वोच्चको फैसलाका कारण नटिक्ने भएको छ। यहा कि त भाजपाले हार स्वीकार गर्नुपर्ने वा राष्ट्रपति शासन लगाउनु पर्ने अवस्था देखिएको छ। मध्य प्रदेश, राजस्थान, छत्तिसगढ एवम् विहार विधानसभाको निर्वाचनमा पनि यही क्रम दोहिरिने हो भने २०२४ को संसदीय चुनावको स्वरुप कस्तो होला, सम्झन पनि डर लाग्छ तर विनाशकाले विपरीत बुद्धि भने झैँ वर्तमान मोदी सरकारले महिला खेलाडीको आन्दोलनप्रति आँखा चिम्लेर र दिल्लीको लेफ्टिनेन्ट गभर्नर तथा दिली सरकारको अधिकारसम्बन्धी विवादमा सर्वोच्चको आदेशको उल्लंघन गरेर आफूलाई झन अलोकप्रिय बनाएको छ। यसबारे जेसुकै भए पनि आर्थिकरुपमा भारतमा मन्दी आउनु, मुद्रास्फिति हुनु र मूल्य बढ्नुले नेपालको अर्थतन्त्रलाई झन जोखिमपूर्ण बनाउने निश्चित झै देखिन्छ। त्यस्तै भारतको राजनीतिक स्थितरता वा अस्थिरताको प्रभावबाट नेपाल पनि मुक्त रहन सक्दैन, आसा गरौँ, भारतको राजनीति र अर्थतन्त्र दुवै सबल होस्।

● ● ●

# संवेदनशील ऐक्यवद्धता र प्रतिवद्धता



● **डा. दीपेन्द्र रोकाया**

समय नपत्याउँदो तरिकाले बितिरहेको छ। तर वर्तमानले जबर्जस्त नयाँ सन्देश प्रवाह गर्न खोजिरहेको छ। नेपाली राजनीतिमा यो विशेष महत्वका रुपमा दर्ज हुँदैछ। प्रसङ्ग वर्तमान सरकारप्रति देखिएको विश्वास शृङ्खला र प्रतिक्रियाहरु हुन्।

एक, नेपालको संसद्मा तेस्रो ठूलो दल नेकपा ( माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' २०७९ पुस १० गते प्रधानमन्त्रीमा नियुक्त भए। प्रधानमन्त्री भएको १६ दिनपछि अर्थात् पुस १६ गते लिइएको विश्वासको मतले नेपालको इतिहासमा पहिलो ऐतिहासिक रेकर्ड कायम गऱ्यो। त्यसबेला प्रधानमन्त्री प्रचण्डले दुई सय ७० सांसदमध्ये दुई सय ६८ जनाबाट शतप्रतिशत भन्न मिल्ने समर्थन प्राप्त गरे।

दुई, नक्कली भुटानी शरणार्थी बनाएर ठग्ने धमाधम पक्राउ पर्दै जाँदा कटु आलोचकबाट पनि समर्थन प्राप्त हुन थालेको छ। सदनमा बोल्नेको आवाज सुनिरहेकै छौँ। यस्तै आवाजविहीनको आवाज पनि गाउँघर, सडक, चोक तथा बाटोमा व्यक्त विचार सामाजिक सञ्जालबाट प्राप्त भइरहेका छन्। हिजोआज काठमाडौँ माइतीघर मात्र होइन, देशका प्रमुख सहर बजारमा समेत विगतमा सरकारको विरोधमा निस्कने जुलुश अहिले समर्थनमा निस्किरहेको देखिन्छ। यो देशवासीका तर्फबाट सुझबुझपूर्ण चिन्ता प्रकट गरी भएको ऐक्यबद्धता हो।

भुटानी राजाको निरंकुश तानाशाही कदमबाट आफ्नो देश छोडेका नेपाली मुलका भुटानीलाई विसं २०४५ बाट पूर्वी नेपालको मोरङ, झापा र इलामका दुर्गम बस्ती (पथरी, शनिश्चरे, खुदुनाबारी, गोलधाप, बेलडाँगी, चुलाचुली र बुधबारे लगायत) मा भुटानी शरणार्थी बसेका थिए। देशबाट लखेटिएका भुटानी सुरुमा एक लाख २० हजार जना थिए। उनीहरुलाई आफ्नो देशले ठग्यो। त्यसमा भारतले पनि आफूले नराखी नेपाल पठायो। नेपालमा टेक्ने ठाउँ दिँदै जाँदा दलाल शासकले पनि ठगेको सिङ्गो कहानी फेला परेको छ।

वरिष्ठ पत्रकार किशोर नेपालको शब्दमा आजकल सोचेजस्तो जिन्दगी सिनेमामा पनि देख्न पाइँदैन। यो घटनाले स्नानगारमा सबै नाङ्गा देखिन थालेका छन्। यसबाट अन्तर्राष्ट्रिय जगतमा नेपालको साख गिराउने काम हुँदैछ भने देशभित्र सरकार र प्रहरी प्रशासनप्रति जनविश्वास आर्जन गर्ने प्रस्थान विन्दु बन्दैछ। सबैलाई थाहा छ, सबै कुरा एकैपटक सम्पादन हुन सक्दैन। तैपनि एकै श्वासमा योलगायत यो, त्यो भ्रष्टाचार छानबिन हुनपर्छ भनिरहेका छन्। यसो गर्दा कुरा विषयान्तर हुनसक्ने खतरा बढेका छन्। अहिलेको संवेदनशीलता भनेकै यहीँनेर छ।

बहालवाला सरकारी सचिवदेखि यसअघिका उप तथा गृहमन्त्रीसम्म पक्राउ पर्नुले सरकार र प्रहरी प्रशासनप्रति रहेको जानेमानेको धारणामा बदलाब आउन थालेको छ। प्रधानमन्त्री प्रचण्ड र उपप्रधानमन्त्री तथा गृहमन्त्री नारायणाकाजी श्रेष्ठले लिएको पहलकदमीले सङ्कटग्रस्त अवस्थामा आशाको किरण दिने काम गरेको छ। प्रधानमन्त्रीले यो 'टेलर' मात्र हो पूरा चलचित्र त हेर्न बाँकी नै छ भन्नुभएको छ। प्रधामनमन्त्रीले भने जस्तै यसका वास्तविक सूत्रधार र संरक्षकसम्मलाई अनुसन्धानको दायरामा नल्याई यो प्रकरण निष्कर्षमा पुग्न सक्दैन।

अहिले उठान भएको विषय देशको मात्र होइन, अन्तर्राष्ट्रिय चासोको विषय बनिसकेको छ। यसको सञ्जाल सानो छैन। तहतहका विचौलिया छन्। समयक्रमसँगै जोडिन आइपुगेका प्रशासक र राजनीतिक नेतृत्व छन्। तिनका पारिवारिक सदस्य तथा सहयोगी छन्। अझै केही नामुद व्यक्ति फरार छन्। अनुसन्धानका क्रममा अरु पनि तानिन सक्छन्। पक्राउका निम्ति प्रमाण पुगिनसकेका तर कुनै न कुनैरूपमा संलग्नता देखिएका जो कोहीमाथि प्रहरीले सुक्ष्म निगरानी राख्न आवश्यक छ।

यो सङ्गठित अपराध तथा मानव तस्करी नै हो। त्यो पनि राज्यको जिम्मेवार तहमा बसी भएकाले मूलुकमा सङ्गठित माफियाराज हुर्किरहेको रहेछ भनेर डरलाग्दो चित्र देखाएको छ। यसैले यो अपराध-जालोको खास परिकल्पनाकारसम्मै पुगेर राज्य-प्रशासनले संलग्न सबैलाई कारबाहीको दायरामा ल्याउनुपर्छ। किनकी आफ्नो राष्ट्रियताबाट गुमनाम भएका भुटानी शरणार्थीलाई पुनर्वासमा लैजाने मुलुकमाथि पनि ठूलो धोका दिइएको देखियो।

यहाँ हेक्का राख्नुपर्ने कुरा के छ भने यस घृणित कार्यमा एक-दुई जना सरकारी कर्मचारी मात्र होइनन्, मन्त्रालयको उपल्लो तह नै संलग्न छ। सचिवको सरुवासमेत यसकै निम्ति गरिएको छ। त्यसैले राज्य संयन्त्र नै मतियार देखिएकाले यस काण्डबाट हाम्रो मुलुकको साख गिराउने काम भएको छ। यसैले यो काण्ड नेपाल र नेपाली जनताको मात्र नभई विश्वकै चिन्ता, चासो र निगरानीको विषय बनेको छ।

यो प्रकरणले अबदेखि राज्यका जिम्मेवार निकायबाटै तयार भएका कागजातलाई समेत विश्वास गर्न गाह्रो हुने बनायो। यसअघि पुनर्वासमा गइसकेका भुटानी शरणार्थीमध्ये केही नक्कली त थिएनन् भन्ने अर्को शङ्का पनि उब्जिएको छ। अन्तर्राष्ट्रियस्तरमा नेपालका लागि ठूलो लज्जाको विषय बन्न गयो। यसैले यो अनुसन्धानको गहिराइमा पुगेर संलग्न सबैलाई कारबाहीको दायरामा ल्याउनु र कानुनअनुसार सजाय दिलाउनुपर्छ।

यो अख्तियार प्राप्त नेता-कर्मचारीले बिराउने, देशै पिराउने काम भएकाले सरकार, खासगरी प्रधानमन्त्री र गृहमन्त्रीले कत्ति पनि खुट्टा कमाउनु हुन्न। प्रचण्ड सरकारले नेपालमा राज्य संस्था जीवितै छन्, ठूलै अपराध भैहालेमा पनि त्यसउपर यथोचित अनुसन्धान हुन्छ र कसुरदार कारबाहीमा पर्छन् भन्ने सन्देश दिन सक्नुपर्छ। यसो गर्दा मुलुकमा दण्डहीनताको राज तोडिने क्रम सुरु हुन्छ भने कानुनी राज हुन्छ। अन्तर्राष्ट्रिय जगतमा नेपाल एउटा विश्वासयोग्य राष्ट्रका रूपमा उभिन सक्छ।

यो समयको यो चुनौतीलाई सरकारले कुशलतापूर्वक सम्पादन गरेपछि मात्र सरकारप्रति जनताको मनमा रहेको अविश्वास हटेर जानेछ। प्रतिक्रियाका लागि मात्र जन्मेकाको मुखमा बुजो लाग्नेछ। ठगहरुको राज अन्त हुने दिनको शिलान्यास हुनेछ। आर्थिक मन्दी भएका बेला राज्यकोष दुरुपयोग गर्नेहरुबाट असुलउपर गराउन सकिन्छ। समस्या नै समाधानको जननी बनेर आएको रुपमा लिनुपर्छ।

प्रधानमन्त्री प्रचण्डले नेपालमा कोही कसैले कल्पनासमेत नगरेको सामन्ती राजतन्त्र सदाको लागि फाल्ने जनयुद्धको नेतृत्व गरे। जनयुद्धबाट सबै वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई मान्छे भएर जिउने अधिकार माग्न लगाए। उनकै अगुवाइमा भएको संविधानसभाबाट बनेको समाजवादोन्मुख संविधानले सबैको अधिकार स्थापित गराए। सङ्घीयता लागू भएको छ। तीन तहका सरकार छन्। यो राजनैतिक परिवर्तन अन्तिम होइन भन्ने पनि बुझाइ स्थापित भएको छ।

यो देशले चाहेको प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति हो। राष्ट्रको खास अभिभावक हुनुको नाताले यो देशको रुपान्तरण पनि प्रधानमन्त्री प्रचण्डकै अगुवाइमा हुने मोडहरु देखा पर्दैछन्। समस्या पर्दा आत्तिने र समर्थन जुट्दा मात्तिने होइन। नेपालको लागि यो संवेदनशील घडी भएकाले उठान भएको समस्या धैर्यतापूर्वक हल गर्दा नेपाल र नेपाली जनताको भविष्य निर्धारण गर्न सकिने देखिएको छ। यसैले वर्तमान सरकारले संवेदनशील समयमा जनजनबाट प्राप्त ऐक्यबद्धतालाई देश र जनतालाई केन्द्रबिन्दुमा राखेर प्रतिबद्धता जनाई कार्यान्वयनमा लाग्नु उपयुक्त हुन्छ।

● ● ●

# साढे २१ खर्ब नाघ्यो नेपालको सार्वजनिक ऋण




**रासस**
**काठमाडौँ।**
नेपालले तिर्न बाँकी सार्वजनिक ऋणको दायित्व साढे २१ खर्ब रुपैया नाघेको छ।
सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार वैशाख मसान्तसम्ममा नेपालले १० खर्ब ८३ अर्ब ४७ करोड ४९ लाख रुपैया आन्तरिक र १० खर्ब ७० अर्ब ६४ करोड ९० लाख रुपैया बाह्य गरी कुल २१ खर्ब ५४ अर्ब १२ करोड ३९ लाख रुपैया बराबर ऋण तिर्न बाँकी रहेको देखिएको हो। चालु आर्थिक वर्ष २०७९/८० शुरु हुँदा अर्थात् गत वर्ष असार मसान्तसम्ममा नेपालको सार्वजनिक ऋण २० खर्ब १३ अर्ब २९ करोड ६४ लाख रुपैया बराबर थियो। चालु आर्थिक वर्षको पछिल्लो १० महिना अवधिमा मात्र एक खर्ब ४० अर्ब ८२ करोड ७५ लाख रुपैया बराबर ऋण थपिएको हो।
नेपालको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) को आकार ४८ खर्ब ५१ अर्ब ६२ करोड रुपैयालाई आधार मान्दा जीडीपीमा सार्वजनिक ऋणको अनुपात ४४ दशमलव ४० प्रतिशत बराबर देखिएको छ। जीडीपीमा सार्वजनिक ऋणको अनुपात बढ्दै जानु र न्यून पूँजी निर्माणका कारण आर्थिक वृद्धिदरसमेत कमजोर भइरहँदा त्यसले आगामी दिनमा मुलुकको अर्थतन्त्रलाई जोखिममा पार्नेसक्ने देखिएको छ। सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार चालु आर्थिक वर्षको १० महिना अवधिमा मात्र सरकारले दुई खर्ब ३० अर्ब २४ करोड ६७ लाख रुपैया ऋण उठाएको छ भने एक खर्ब ४३ अर्ब ४२ करोड दुई लाख रुपैया बराबर साँवा ब्याज तिरेको छ।
वैशाख मसान्तसम्ममा सरकारले गरेको पूँजीगत खर्चभन्दा सार्वजनिक ऋणको साँवा ब्याज भुक्तानीमा गरेको खर्च करिब १८ अर्ब रुपैयाले बढी हो। वैशाख मसान्तसम्ममा सरकारको पूँजीगत खर्च एक खर्ब २५ अर्ब ६७ करोड रुपैया बराबर छ। यसरी एकातर्फ सरकारको राजश्व असुली न्यून हुँदा ऋण उठाएर घाटा बजेट पूर्ति भइरहेको छ भने अर्कोतर्फ बर्सेनि थपिँदै गएको ऋणको साँवा ब्याजसमेत बढ्दै जाँदा वार्षिक बजेटको ठूलो अंश यसमा खर्च हुने गरेको छ।
चालु आर्थिक वर्षको १० महिनामा सरकारले आन्तरिक ऋणको साँवा ब्याज भुक्तानीमा एक खर्ब १० अर्ब ४२ करोड ५८ लाख रुपैया र बाह्य ऋणको साँवा ब्याज भुक्तानीमा ३२ अर्ब ९९ करोड ६२ रुपैया खर्चिएको छ। आन्तरिकतर्फको साँवा रकम ६३ अर्ब ४७ करोड ४४ लाख रुपैया, ब्याज ४६ अर्ब ८५ करोड तीन लाख रुपैया र कमिसन रकम १० करोड ११ लाख रुपैया बराबर रहेको छ। त्यस्तै, बाह्य ऋणतर्फ साँवा भुक्तानीमा २५ अर्ब ९४ करोड ४८ लाख रुपैया र ब्याज भुक्तानीमा सात अर्ब पाँच करोड १४ लाख रुपैया बराबर खर्च भएको कार्यालयले जनाएको छ।
चालु आर्थिक वर्षको वैशाख मसान्तसम्म सरकारले उठाएको आन्तरिक ऋण एक खर्ब ५९ अर्ब ५० करोड रुपैया र बाह्य ऋण ७० अर्ब ७४ करोड रुपैया बराबर रहेको छ। राष्ट्रिय तथ्याङ्क कार्यालयले सार्वजनिक गरेको नेपालको जनगणना २०७८ अनुसार कुल जनसंख्या दुई करोड ९१ लाख ६४ हजार पाँच सय ७८ बराबर छ। कुल सार्वजनिक ऋणलाई कुल जनसंख्यासँग तुलना गर्दा प्रतिव्यक्ति ऋण ७३ हजार आठ सय ६० रुपैया बराबर पर्न जान्छ।

# बैंक तथा वित्तीय संस्थालाई कारबाही



**रासस**
**काठमाडौँ।**
नेपाल राष्ट्र बैंकले चार वटा डेभलपमेन्ट बैंक र एक फाइनान्स कम्पनीलाई कारबाही गरेको छ।
बैंकअन्तरगतको वित्तीय संस्था सुपरीवेक्षण विभागले गैरस्थलगत सुपरीवेक्षणको आधारमा ती बैंक तथा वित्तीय संस्थालाई कारबाही स्वरूप नगद जरिवाना गरिएको जनाएको छ।
केन्द्रीय बैंकले नियम विपरीत काम गरेको भन्दै कर्पोरेट डेभलपमेन्ट बैंक, सालपा विकास बैंक, नारायणी डेभलपमेन्ट बैंक र सप्तकोशी डेभलपमेन्ट बैंक र मल्टिपर्पस फाइनान्सलाई कम्पनीलाई कारबाहीस्वरुप नगद जरिवाना गरेको हो।
कर्जा निक्षेप अनुपात (सीडी रेसियो) कायम नगरेको भन्दै कर्पोरेट डेभलपमेन्ट बैंक, नारायणी डेभलपमेन्ट बैंक र सप्तकोशी डेभलपमेन्ट बैंकलाई पाँचौं पटक र सालपा विकास बैंकलाई प्रथम पटक कारबाही गरिएको छ। यस्तै, अनिवार्य नगद मौज्दात अनुपात ( सीआरआर) कायम नगरेको भन्दै नारायणी डेभपलपेन्ट बैंकलाई पहिलो, दोस्रो र तेस्रो पटक कारबाही गरिएको छ।
राष्ट्र बैंकका अनुसार कर्पोरेट डेभलपमेन्ट बैंकलाई एक लाख ९६ हजार २६५.३० रुपैया, सालपा विकास बैंकलाई एक लाख १० हजार ६६२.२६रुपैया, नारायणी डेभलपमेन्ट बैंकलाई दुई लाख ५१ हजार ३२४.७३ रुपैया र सप्तकोशी डेभलपमेन्ट बैंकलाई १९ लाख ३६ हजार ६३५.५७ रुपैया नगद जरिवाना गरेको हो।
यस्तै, नारायणी डेभलपमेन्ट बैंकलाई पहिलो पटक तीन हजार ९४८.५३रुपैया, दोस्रो पटक ६३ हजार ७८२.७८ रुपैया र तेस्रो पटक एक एक लाख आठ हजार ७७०.२१ रुपैया जरिवाना गरेको राष्ट्र बैंकले जनाएको छ।यस्तैगरी चालु आर्थिक वर्षको तेस्रो त्रैमासिकमा मल्टिपर्पस फाइनान्सलाई अनिवार्य नगद मौज्दात अनुपात नपुऱ्याएको भन्दै दुई हजार ७०१.०३ रुपैया जरिवाना गरिएको छ।

# नीति तथा कार्यक्रमप्रति मिश्रित प्रतिक्रिया




**रासस**
**काठमाडौँ।**
सरकारले सङ्घीय संसद्को संयुक्त बैठकमा प्रस्तुत गरेको आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रममाथि सांसदहरुले मिश्रित प्रतिक्रिया दिएका छन्।
प्रतिनिधिसभामा नीति तथा कार्यक्रममाथि छलफलका क्रममा सोमबार सत्तापक्षका सांसदहरुले नीति तथा कार्यक्रम राम्रो रहेको उल्लेख गर्दै त्यसको कार्यान्वयनमा जोड दिनुपर्ने बताए।
प्रतिपक्षी दलका सांसदहरुले भने नीति तथा कार्यक्रमले मुलुकको अहिलेको समस्या समाधान गर्ने गरी कार्यक्रम ल्याउन नसकेको टिप्पणी गरे।
बैठकमा जनता समाजवादी पार्टी नेपालका सांसद राजकिशोर यादवले नीति तथा कार्यक्रममा धेरै विषयबारे द्विविधा भएको उल्लेख गर्दै गफ दिएर नयाँ नेपाल निर्माण नहुने बताए। उनले आफ्नै स्रोतले मात्र अपेक्षा गरेअनुसारको विकास गर्न नसकिने जिकिर गर्दै वर्तमान परिवेशमा अन्तर्राष्ट्रिय निकायसँग समन्वय गर्नुपर्ने आवश्यकता औँल्याए।
आस्वासनले मात्र अब जनता चुप नलाग्ने उल्लेख गर्दै सांसद यादवले परिणाममुखी काम गर्न नसके अब नयाँ दल र पुराना दलको भाष्य स्थापित हुन लागेको बताए।
मुलुक बनाउन नीति तथा कार्यक्रममा सपना देखाउने कार्यक्रम हुनुपर्नेमा जोड दिँदै उनले युवालाई स्वदेशमै बस्न उत्प्रेरणा र कार्यक्रम ल्याउनुपर्ने बताए।
जनमत पार्टीकी सांसद अनिता देवीले जनकपुर चुरोट कारखाना सञ्चालनमा ल्याउन सरकारलाई अनुरोध गर्दै स्वदेशमै रोजगारीको वातावरण सिर्जना गर्न उद्योगधन्दा सञ्चालन गर्न माग गरे।
सामुदायिक स्वास्थ्य सेवालाई अझ प्रभावकारी ढङ्गले अघि बढाउनुपर्नेमा उनको जोड थियो।
लोकतान्त्रिक समाजवादी पार्टी नेपालका सांसद सर्वेन्द्रनाथ शुक्लाले नेपालको अर्थतन्त्र सुधार गर्नका लागि निजी क्षेत्रलाई लगानी गर्ने वातावरण सिर्जना गर्नुपर्ने र सरकारले लगानी सुरक्षित गर्ने वातावरण सुनिश्चित गर्नुपर्नेमा जोड दिए। नेपालको कृषि क्षेत्रले कूल गार्हस्थ उत्पादनमा ३० प्रतिशत योगदान गरेको उल्लेख गर्दै उनले समयमै कृषकलाई मल, बीउ र सिँचाइको सुविधा उपलब्ध गराउने सरकारको नीति हुनुपर्ने सुझाव
दिए।
नागरिक उन्मुक्ति पार्टीका सांसद लालवीर चौधरीले जनकपुर चुरोट कारखाना र वीरगञ्ज चिनी कारखाना, भृकुटी कागज कारखाना र बाँसबारी छाला जुत्ता कारखाना सञ्चालनका लागि नीति तथा कार्यक्रममा योजना राख्न सुझाव दिए।स्वतन्त्र सांसद प्रभु साहले लोकतन्त्रको अभ्यास गर्दा जनताले विश्वास गर्ने गरी छलफल गर्नुपर्ने तथा देशको विकास र समृद्धिका लागि काम गर्नुपर्ने सुझाव दिए। उनले व्यवस्थासँगै अवस्था बदलिएको जनताले हेर्न चाहेको र त्यसतर्फ सबैको ध्यान जानुपर्नेमा जोड दिए।
अर्का स्वतन्त्र सांसद डा अमरेशकुमार सिंहले नीति तथा कार्यक्रम जनताको जीविका र समृद्धिसँग मेल खाने खालको नभएको टिप्पणी गरे। यस्तै स्वतन्त्र सांसद योगेन्द्र मण्डलले नीति तथा कार्यक्रममा लोखिएका कुरा अक्षरशः कार्यान्वयन गरेमा राम्रो हुने तर प्रभावकारी कार्यान्वयनमा भने विश्वस्त हुन नसक्ने अवस्था रहेको बताए।

# नेप्से परिसूचक बढेसँगै कारोबार रकममा सुधार



**रासस**
**काठमाडौँ।**
नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक बढेसँगै कारोबार रकममा पनि सुधार देखिएको छ। नेप्से परिसूचक आठ दशमलव १० अङ्कले बढेर एक हजार आठ सय ९१ दशमलव ३१ अङ्क कायम भएको छ। सोमबार दुई सय ७२ वटा कम्पनीको ३४ लाख ९५ हजार सात सय ५२ कित्ता शेयर २५ हजार सात सय ४६ पटक खरिदबिक्री हुँदा कारोबार रकम एक अर्ब २७ करोड ८७ लाख चार हजार सात सय २६ रुपैया पुगेको छ।
नेप्से इन्डेक्ससँगै सेन्सेटिभ, फ्लोट र सेन्सेटिभ फ्लोट इन्डेक्समा पनि हरियो देखिएको छ। बैंकिङ र व्यापार समूहको उपसूचक घटेको छ भने बाँकी सबै समूहको उपसूचक बढेको छ। बैंकिङ समूह शून्य दशमलव २९ र व्यापार समूह २० दशमलव २९ अङ्कले घटेको छ।सोमबार सबैभन्दा धेरै उत्पादन समूहको उपसूचक एक सय सात दशमलव ५७ र जीवन बीमा समूहको उपसूचक ८८ दशमलव ३२ अङ्कले बढेको छ। विकास बैंक समूह १० दशमलव ६६, वित्त समूह १३ दशमलव १५, होटल तथा पर्यटन समूह ५५ दशमलव ५३, जलविद्युत् समूह १४ दशमलव २२ र लगानी समूह शून्य दशमलव १७ अङ्कले बढेको छ।
त्यसैगरी, लघुवित्त समूह १७ दशमलव ७५, म्युचुअल फन्ड शून्य दशमलव ०८, निर्जीवन बीमा समूह ७४ दशमलव ०८ र अन्य समूह शून्य दशमलव ५८ अङ्कले बढेको छ।
आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा सोमबार सकारात्मक सर्किट लागेको छ।
सबैभन्दा धेरै गुमाउनेमा भने ग्रीनलाईफ हाइड्रो लिमिटेडको शेयर मूल्य सात दशमलव ३७ प्रतिशतले घटेको छ।
कारोबार रकमका आधारमा सोमबार सबैभन्दा धेरै शिवम् सिमेन्ट लिमिटेडको सात करोड ३४ लाख ९८ हजार पाँच सय रुपैया बराबरको एक लाख ७७ हजार पाँच सय ७९ कित्ता शेयर किनबेच भएको छ।
कारोबार भएका शेयर संख्याका आधारमा सोल्टी होटल लिमिटेडको दुई लाख १६ हजार २२ कित्ता शेयर किनबेच भएको छ।

# उपभोक्ता मूल्य राख्न आग्रह



**रासस**
**काठमाडौँ।**
वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले उपभोक्ता मूल्य राख्न आग्रह गरेको छ। पछिल्लो समय व्यवसायीले आफुखुसी वस्तुको मूल्य तोक्न थालेकाले विभागको यस्तो प्रतिक्रिया आएको हो।उक्त विभागले एक सूचना जारी गर्दै व्यावसायिक फर्म तथा पसलमा राखिएका वस्तुमा उपभोक्ता मूल्य उल्लेख नगरी राख्ने गरेको गुनासो आएको उल्लेख गरेको छ।
'उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ३ मा उल्लिखित उपभोक्ता अधिकारअन्तर्गत प्रत्येक उपभोक्तालाई आफूले उपभोग गर्न चाहेको वस्तु वा सेवाको मूल्यवारे सूचित हुने अधिकार छ।
मूल्यअभिवृद्धि कर नियमावली, २०५३ को नियम १४ 'ख' अनुसार मूल्यअभिवृद्धि करमा दर्ता भएको व्यक्तिले आफ्नो प्रदर्शनी कक्ष, बिक्री कक्ष, होटल, रेष्टुराँ, बार, कारोवारस्थल वा आपूर्ति गर्ने स्थानमा राखिएको कर लाग्ने वस्तु वा सेवाको बिक्री मूल्य (ट्र्याग प्राइस, मेनु प्राइस र सेल्स प्राइस) मा कर सहितको अन्तिम उपभोक्ता मूल्य उल्लेख गर्नुपर्ने व्यवस्था भए पनि बजार अनुगमनका क्रममा वस्तुमा मूल्य नै नराख्ने गरेको पाइएको विभागका प्रवक्ता होमनाथ भट्टराईले बताए।
'बजार अनुगमनका क्रममा अधिकांश व्यावसासिक फर्ममा राखिएका वस्तुमा मूल्य (ट्र्याग) राखिएको नै पाइदैन, बस्तुको मूल्य नराख्ने र आफूखुसी मूल्य तोक्ने क्रम बढ्दो रुपमा रहेको पाइएको छ', उनले भने।
कुनै पनि व्यवसायीले उपलब्ध गराउने वस्तु वा सेवाको अन्तिम उपभोक्ता मूल्यको बारेमा उपभोक्तालाई अग्रिम जानकारी गराउने कानुनी व्यवस्था भए पनि सो बमोजिम नगरिएकाले कानुन बमोजिम कारबाही गरिने बिभागले जनाएको छ।
यस्ता गतिविधि नगर्न/नगराउन, बिक्री कक्षमा राखिएको प्रत्येक वस्तुको मूल्य उपभोक्ताले अग्रिम रूपमा सूचना पाउने गरी टाँस्न एवं उपभोक्ता संरक्षण ऐन तथा मूल्य अभिवृद्धि कर नियमावलीको पूर्ण परिपालना गर्न भनिएको छ।सरकारले आगामी आर्थिक वर्षको बजेटमासमेत बस्तुको मूल्य तथा गुणस्तरमा उपभोक्ता नठगिने वातावरण बनाउने उल्लेख गरेको छ।
'उपभोक्ताको हित संरक्षण गरिनेछ, सबै प्रकारका सिण्डिकेट र कार्टेलिङ अन्त्य गरी व्यापारिक कारोबारमा नैतिकता, स्वच्छता, प्रतिस्पर्धा र अनुशासन कायम गरिने, बजार अनुगमनलाई थप प्रभावकारी बनाइ मूल्य र गुणस्तरमा उपभोक्ता नठगिने वातावरण सुनिश्चित गरिने उक्त नीति तथा कार्यक्रमको ६३ बुदाँमा भनिएको छ।

# प्रज्ञापनपत्र र बैंक भौचर नक्कली बनाउने पक्राउ



**रासस**
**बेलहिया।**
भन्सार कार्यालयको प्रज्ञापनपत्र र बैंकको नक्कली भौचर तयार गरी भन्सारकै पार्किङस्थलबाट बाहिरिएको माछासहितको एक मिनी ट्रक पक्राउ परेको छ।
तीन सय ७५ नम्बरको अधिकारी क्लिरियन्स भन्सार एजेन्टले पास गरेको तीन हजार आठ सय किलो माछासहितको युपी ५३ एफ टि ५४५२ नम्बरको भारतीय नम्बर प्लेटको मिनिट्रक भैरहवा भन्सार कार्यालयबाट बाहिरिएको थियो। कार्यालयदेखि करिब सात सय मिटरको दूरीको तीनकुने बाइपासमा सशस्त्र प्रहरी र भन्सारको संयुक्त चेकजाँच टोलीले शङ्का लागि पुनःभन्सार फर्काइ अनुसन्धान गर्दा भन्सार प्रज्ञापनपत्र नै नक्कली बनाइएको भेटिएको हो।
भन्सार कार्यलयले उक्त ट्रकसहित, चालक, आयतकर्ता, एजेन्ट, बैंकका कर्मचारी र भैरहवा भन्सारको सुरक्षा हेर्ने अन्नपूर्ण टर्मिनल्सका तीनजना कर्मचारी गरी ११ जनालाई नियन्त्रणमा लिई अनुसन्धान गरिरहेको कार्यालयका प्रमुख मनिराम पौडेलले बताए। उक्त माछा काठमाडौं पठाउने गरी कृष्ण फिडले आयात गरेको थियो। क्वारेन्टिइनबाट माछाको स्वास्थ्य परीक्षणसमेत गराइएको भए पनि प्रज्ञापनपत्र भने नक्कली बनाइएको प्रारम्भिक अध्ययनबाट देखिएको छ।
भन्सारकै जाँचकी, अधिकृत कर्मचारीको नक्कली हस्ताक्षर, छाप, राजस्व बुझाएको भौचरसमेत नक्कली बनाएर गाडी निस्किएको थियो। सरकारी कागजात कीर्ते गरी भन्सारको सुरक्षा व्यवस्थालाई चुनौती दिँदै ट्रक बाहिरिनु गम्भीर विषय भएको सिद्धार्थ उद्योग वाणिज्य सङ्घका अध्यक्ष ठाकुरकुमार श्रेष्ठले बताए।
उनले भने, 'यो गम्भीर प्रकृतिको घटना हो यसप्रकारको घटनाले वैधानिक कारोबार गर्ने व्यवसायीलाई पनि मारमा पारिरहेको छ।' भैरहवा भन्सारको सुरक्षाको जिम्मेवारी अन्नपूर्ण टर्मिनल्सले लिएको छ। उक्त प्रकरणमा संलग्नलाई भन्सार ऐन अनुसार कारबाही गरिसकेपछि उक्त अवैध कारोबारमा संलग्नलाई सरकारी कागजात कीर्तेको आरोपमा मुद्दा चलाउने प्रहरीको भनाइ छ।

# खर्च गर्ने क्षमता बढाउनुस् : मन्त्री



**रासस**
**काठमाडौँ।**
सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले पुँजीगत खर्च गर्ने क्षमता बढाउन मातहत कार्यालयका प्रमुखलाई निर्देशन दिएकी छन्। मन्त्रालयमा सोमबार आयोजित तेस्रो त्रैमासिक प्रगति समीक्षा बैठकलाई सम्बोधन गर्दै उनले निर्धारित लक्ष्य पूरा गर्नेगरी काम गर्न निर्देशन दिइन्।
'तोकिएका 'माइलस्टोन' पूरा गरौँ, जे लक्ष्य निर्धारण गरेका छौँ, त्यो पूरा गर्ने दिशामा अगाडि बढौँ', उनले भनीन, 'पुँजीगत खर्च नहुनुका कारण र समस्या छन्, तिनका बारेमा गम्भीर समीक्षा गरौँ।' मन्त्रालयले लिएको लक्ष्य पूरा गर्न सबै निकायले मेहनत गरिरहेको भए पनि लक्ष्य प्राप्त हुन नसकेकामा सबैले गम्भीर भएर सोच्नुपर्ने उनले बताईन।
मन्त्री शर्माले भनीन, 'सबैले मेहनत गरेका छौँ, तर लक्ष्यमा पुग्न सकेका छैनौँ, पुँजीगत खर्चको लक्ष्य भेट्याउन स्पष्ट योजना ल्याउनुपर्छ।' अन्तरनिकाय समन्वय काय नहुँदा मातहतका निकायका काम अगाडि बढाउन समस्या भइरहेको उनको भनाइ थियो।
अघिल्लो त्रैमासिक समीक्षाका क्रममा व्यक्त भएका प्रतिबद्धता अझै पूरा नभएकामा असन्तुष्टि व्यक्त गर्दै उनले वार्षिक समीक्षाका क्रममा मन्त्रालयले लिएका लक्ष्य पूरा भएको अवस्थामा पुऱ्याउन निर्देशन दिईन।
राष्ट्रिय योजना आयोगका सदस्य डा जयकान्त राउतले पुँजीगत खर्च गर्ने क्षमता अभिवृद्धि गरिनुपर्ने बताए। 'एकतातिर बजेट पुगेन भन्छौँ, तर खर्च गर्न सक्दैनौँ, यसमा विविध कारण छन्', उनले भने, 'समन्वय र सहकार्यको संस्कृति बढाउनुपर्छ।' अन्तरमन्त्रालय समन्वय सहजीकरण भए निर्धारित लक्ष्य तोकिएको समयमै भेट्न सकिने उनको भनाइ छ। मन्त्रालयका सचिव कृष्णबहादुर राउतले बेरुजु फछ्र्योटमा तदारुकता देखाउन प्रमुखहरुलाई निर्देशन दिए। उनले पुँजीगत खर्च वृद्धि, राजस्व सङ्कलन वृद्धि तथा वक्यौता उठाउने विषयमा ध्यान दिन निर्देशित गरे। डिजिटल नेपाल फ्रेमवर्कले लिएका लक्ष्य र उद्देश्य हासिल गर्न योजना आयोग र प्रधानमन्त्री कार्यालयले सहजीकरण गर्नुपर्ने उनको भनाइ छ।
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका उपसचिव प्रमिला आचार्यले प्रधानमन्त्री कार्यालयले दिएको कतिपय 'माइलस्टोन' कार्यान्वयन नै नभएको पाइएकाले आफूले सञ्चालन गर्न सक्ने योजना मात्रै समावेश गर्न आग्रह गरिन्। उनले अन्तरनिकाय समन्वयका लागि आर्थिक तथा पूर्वाधार हेर्ने सचिवको नेतृत्वमा रहेको निकायमार्फत समन्वय गर्न सुझाव दिइन्।
कार्यक्रममा विभिन्न कार्यालयका प्रमुखले प्राप्त उपलब्धि, समस्या र समाधानका लागि गरिदिनुपर्ने पहलका लागि आग्रह गरेका थिए। त्यसअघि बैठकमा मन्त्रालय मातहतका कार्यालयले पछिल्लो त्रैमासिकमा सम्पादन गरेका कामकारबाही, प्राप्त उपलब्धिका बारेमा सङ्क्षिप्त प्रस्तुति गरिएको थियो।

# गैर पत्रकार बरदास्त नगरिने : लम्साल



*'नेपाल पत्रकार महासंघमा गैर पत्रकारको हालीमुहाली भएको अवस्थामा प्रेस युनियनले आबाज वुलंद गरेपछि नेपाल पत्रकार महासंघको यस्तो निर्णय आएको र यसलाई कार्यान्वयनका लागि धनुषा शाखाले पनि पहल गर्नुपर्छ ।'*

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाल प्रेस युनियनका केन्द्रीय अध्यक्ष शिव लम्सालले गैर पत्रकार कुनै पनि हालतमा बरदास्त नगरिने बताएका छन् ।
नेपाल प्रेस युनियन धनुषाको १० औ जिल्ला अधिवेशनको खुल्लाशत्रमा बोल्दै अध्यक्ष लम्सालले गैर पत्रकारलाई सदस्यताबाट बंचित गर्ने नेपाल पत्रकार महासंघको निर्णयलाई कार्यान्वयन गर्न सबैलाई आग्रह गरेका थिए । उनले भने,'नेपाल पत्रकार महासंघमा गैर पत्रकारको हालीमुहाली भएको अवस्थामा प्रेस युनियनले आबाज वुलंद गरेपछि नेपाल पत्रकार महासंघको यस्तो निर्णय आएको र यसलाई कार्यान्वयनका लागि धनुषा शाखाले पनि पहल गर्नुपर्छ ।'पत्रकारको नाउमा भजाउनेहरु हटाउने र पत्रकारहरु सदस्यताबाट बंचित नहोस त्यस्का लागि प्रेस युनियन सदैब अग्रसर रहने बताए ।
साथै सोमबारनै भएको बन्दशत्रबाट युनियन धनुषाको पुनः राजन कुमार सिंहको अध्यक्षतामा १७ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ । जनकपुरधामको नोचा पोखरीको डिलमा सम्पन्न भएको साधारणसभावाट उपाध्यक्षद्वयमा निरञ्जन साह, घनश्याम मिश्र, महिला उपाध्यक्षमा रुपा कर्ण, सचिवमा हरिवंश यादव, सह-सचिवमा तेज कुमारी पौडेल र कोषाध्यक्षमा किशोर मण्डल सहित १७ सदस्यीय कार्यसमिति चयन भएको छ ।

# टाटाको नेक्सन इभी म्याक्स अब जनकपुरधाममा




**मधेशदृष्टि**
**जनकपुरधाम।**
टाटा मोटर्सको नेपालकालागि एकमात्र आधिकारीक बितरक सिप्रदी ट्रेडिङ्ग प्रा.लि.ले टाटाको नेक्सन इभीम्याक्स जनकपुरधाम स्थित गिरिजा अटोमा एक कार्यक्रम गरी सार्वजनिक गरेको छ।
कार्यक्रममा सिप्रदी ट्रेडिङ्ग प्रा.लि.का तर्फबाटप्यासेन्जर भेहिकलका महाप्रबन्धक सावन्त जंग सिजापती, टाटा मोटर्सका तर्फबाट नेपालकालागि कन्ट्रि म्यानेजर प्रशन्न रंगनाथन तथा उद्योग वाणिज्य संघका जितेन्द्र महासेठको उपस्थितीमा गाडी सार्वजनिक गरिएको थियो। उक्त कार्यक्रममा उद्योग वाणिज्य संघको तर्फबाट सकारात्मक सहभाती रहेको र दुई वटा गाडीपनि डेलिभरी गरिएको छ।
यातायात क्षेत्रको द्रुत विद्युतीकरण गर्ने आफ्नो प्रतिवद्धता अनुरुप टाटामोटर्सले सोमबारबाट नेक्सन इभीम्याक्सको जनकपुरधाममा विक्रीवितरण शुभारम्भ गरेको छ । कम्पनीको सर्वोत्कृष्ट ढंगले विक्री भइरहेको नेक्सनइभी ४६ लाख ४९ हजार रुपैयाको आकर्षक मूल्यमा उपलब्ध रहेको छ । उक्त गाडीमा ७.२ किलोवाटको बैकल्पिक चार्जरको पनि व्यवस्था गरिएको छ । उत्कृष्ट एवं दिगो "मोबिलिटी"मा विश्वास राख्ने ग्राहकहरुलाई लक्षित नेक्सन इभीम्याक्सले देशको समग्र विद्युतीय सवारी साधनको बजारलाई नयाँ उचाई पुर्याउने अपेक्षा गरिएको छ । उच्च भोल्टेजको उच्चतम जिपट्रन प्रविधियुक्त यो विद्युतीय गाडी इन्टेन-टिल, डेटना र प्रिसटिन गरी तिनवटा आकर्षक रङ्गहरुमा उपलब्ध छ । त्यसैगरी, स्ट्यान्डर्ड रङ्गको रुपमा डुएलटन बडी पनि उपलब्ध छ।
४०.५ किलोवाट-प्रतिघण्टा क्षमता भएको लिथिएम ब्याट्रीप्याकजडित नेक्सन इभीम्याक्सको ब्याट्रीको क्षमता अन्य ब्याट्रीहरु भन्दा ३३ प्रतिशतले बढी छ । यस कारणले यो गाडीले विनाकुनै झञ्झट एआरएआईद्वारा प्रमाणित ४५३ किलोमिटर लामो रेञ्जको प्रत्याभूति गर्दछ। यसले ११० किलोवाट बराबरको शक्तिको अतिरिक्त पेडल थिच्ने बितिक्कै २५० एनएम बराबरको टर्क पैदा गर्छ।
यस गाडीमा प्रयोग हुने ७.२ किलोवाटको एसीफास्ट चार्जर घर वा कार्यालयमा जडान गर्न सकिन्छ। जसले ६.५ घन्टाको छोटो अवधिमा नै चार्जिङ्ग कार्य सम्पन्न गर्दछ। नेक्सन इभीम्याक्सको ब्याट्री कुनै पनि ५० किलोवाटको डिसी फास्ट चार्जरको माध्यमबाट केवल ५६ मिनेटमा ० देखि ८० प्रतिशत सम्म चार्ज हुन्छ जुन आफैमा अभूतपूर्व छ।
नेक्सन इभीम्याक्समा एक अर्को अभुतपूर्व विशेषता छ, जसमा यसको ब्रेक ल्याम्प रिगेन निश्चित लेभलमा पुगेपछि बल्दछ। यसले सडकका अन्य चालकहरुलाई सचेत गराउन मद्दत गर्दछ। यस विद्युतीय एसयुभीमा सुरक्षाको निम्ति आइ-भीबिएसी सहितको इएसपी, हिलहोल्ड, इलेक्ट्रोनिक पार्किङ्ग ब्रेक र चारवटा डिस्क ब्रेक लगायतका गुणहरु छन् । ८ वर्ष वा १६०,००० किलोमिटरको वारेन्टी भएको ब्याट्री र मोटर टिकावट र विश्वसनीयताको लागि आइपीसिक्ससेभेनद्वारा प्रमाणित पनि छ।

# २० लाख रूपैयाँसहित हुण्डी कारोबारी पक्राउ



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषा प्रहरीले स्रोत नखुलेको २० लाख रूपैयाँसहित जनकपुरधामबाट एक हुण्डी कारोबारीलाई पक्राउ गरेको छ ।
पक्राउ पर्नेमा भारतको बिहार राज्यअन्तर्गत सितामढी ग्राम पञ्चायत मनपुर घर भई हाल जनकपुरधाम उपमहानगरपालिका-६ मा डेरा लिएर बस्दै आएका २५ वर्षीय रन्धिर ठाकुर रहेका छन् ।ठाकुरलाई विशेष सुचनाको आधारमा जिल्ला प्रहरी कार्यालय धनुषा र जानकी प्रहरी चौकीबाट खटेको संयुक्त प्रहरी टोलीले सोमबार बिहान ९ बजे जनकपुरधाम-६ बाट पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायव उपरीक्षक बेदप्रसाद गौतमले जानकारी दिए ।
ठाकुरलाई चेकजाँच गर्दा हरियो झोला भित्र स्रोत नखुलेको नेपाली २० लाख रूपैयाँ फेला परेको डीएसपी गौतमले बताए ।पक्राउ परेका उनलाई नगदसहित नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालयमा ल्याई थप अनुसन्धान भइरहेको धनुषा प्रहरीले जनाएको छ ।

# चोरीको मोटरसाइकलसहित पक्राउ



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषा प्रहरीले चोरीको मोटरसाइकलसहित एकजनालाई पक्राउ गरेको छ ।
पक्राउ पर्नेमा जनकपुरधाम उपमहानगरपालिका २१ कुर्था बस्ने उमेश दास रहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।आइतबार राति १२ बजे जनकपुरधाम १२ हनुमाननगरबाट प्रदेश २-०२-००४ प १३४४ नम्बरको सुपर स्पलेण्डर मोटरसाईकल चोरी भएको सुचनाको आधारमा प्रहरीले मोटरसाईकल खोज तलाश गर्ने क्रममा सोमबार बिहान जनकपुरधाम-जटही सडक अन्तरगत सिक्सलेन बाटोमा दासलाई नियन्त्रणमा लिएको प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक वेदप्रसाद गौतमले जानकारी दिए । दासले मोटरसाइकल डोर्यानउदै लगिरहेको अवस्थामा पक्राउ परेका छन् ।यस सम्बन्धमा थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

# जनमतको निःशुल्क ब्लडग्रुप चेकजाँच शिविर



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
विद्यार्थी जनमत संघ धनुषाले विद्यार्थीहरुको निःशुल्क ब्लड ग्रुप चेकजाँच शिविर सुरु गरेको छ । सोमबार धनुषाको हँसपुर नगरपालिका -५ सुगानिकासस्थित श्री माध्यमिक विद्यालयमा अध्यनरत ३४१ विद्यार्थीहरुलाई निःशुल्क ब्लड चेकजाँच गरि उनिहरुको ब्लड ग्रुपसमेत छुट्याइएको छ ।
विद्यार्थी जनमत संघ धनुषाले चलाएको निःशुल्क ब्लड चेकजाँच गरि ब्लड ग्रुप छुट्याउने शिविरमा प्रविधिक सहयोग ल्याब टेक्निसियन जनकपुरधामका काब्या अस्पतालका प्रा .लि. सहयोग गरेको थियो । अभियान जिल्लाभरिका सामुदायिक विद्यालयहरुमा चल्ने विद्यार्थी जनमत संघ धनुषाको योजना रहेको जनाईएको छ ।

# मन्त्रालयलाई पत्तै नदिई नियम विपरीत निजीलाई परीक्षा अनुमति

> *"सोमबार परीक्षा केन्द्रमा आएका परीक्षार्थीले परीक्षाका लागि दस्तुर बुझाउन, फोटो खिच्न, स्वास्थ्य परीक्षणलगायतको प्रक्रियाका लागि कार्यालयमा जानुपर्ने, लिखित परीक्षाका लागि अन्तै जानुपर्ने र फेरि प्रयोगात्मक परीक्षाका लागि अन्तै जानुपर्ने व्यवस्था गरेर दुःख दिएको बताएका छन् । सूचना अधिकारी गोविन्दराज शिवाकोटीले भने कार्यालयले अहिलेको परीक्षा हललाई बैठक हल बनाउने योजना गरेको बताउँदै यातायातका बारेमा आएका धेरै गुनासोलाई सम्बोधन गर्न कार्यालयले सुधारको प्रक्रिया थाल्नुपर्ने बताए ।"*

**रासस**
**भक्तपुर।**
सवारी चालक अनुमतिपत्रको परीक्षा, वितरण, नवीकरणलगायतका कार्य गर्दै आएको यातायात व्यवस्था कार्यालय भक्तपुरले प्रदेश मन्त्रालयलाई पत्तै नदिई निजी क्षेत्रलाई परीक्षाको अनुमति दिएको छ । कार्यालयले आजदेखि लागू हुने गरी मध्यपुरथिमि राधेराधेस्थित बुढाथोकी ट्रेडर्स एन्ड ट्रेनिङ स्कुल प्रालीलाई सवारी चालक अनुमतिपत्रको लिखित परीक्षाको अनुमति दिएर परीक्षा सञ्चालन गरेको हो।
यस्तो व्यवस्था गर्दा सम्बन्धित मन्त्रालयसँग छलफल एवं अनुमति लिएर नियमसङ्गत रूपमा कार्य गर्नुपर्नेमा कार्यालय प्रमुखले नियम विपरीत निजी क्षेत्रलाई परीक्षा सञ्चालन गर्ने अनुमति दिएर अनियमितता गरेको आरोप लागेको छ । बागमती प्रदेश सरकार श्रम, रोजगार तथा यातायात मन्त्रालयलाई समेत कुनै जानकारी नै नदिई परीक्षाको अनुमति निजी क्षेत्रलाई दिएको मन्त्रालयले जानकारी दिएको छ । मन्त्रालयका सचिव अस्मान तामाङले लिखित परीक्षा निजी क्षेत्रलाई दिएका बारेमा आफूलाई कुनै जानकारी नै नभएको बताए । उनले भने, 'त्यसो गरिएको हो भने त्यो अनियमितता हो, त्यहाँका कार्यालय प्रमुखले बदमासी काम गरेका छन्, आफ्नो परीक्षा कार्यालय हुँदाहुँदै निजी क्षेत्रलाई दिनु बदमासी नै हो ।' मन्त्रालयका सचिव तामाङले आफ्नो कार्यालयमा परीक्षा सञ्चालन गर्दागर्दै निजी क्षेत्रलाई परीक्षा सञ्चालन गर्न दिने कुनै कार्यविधि नबनाएको समेत बताए।
कार्यालय प्रमुख शिवकुमार निरौलाले भने कार्यविधिबमोजिम निजी क्षेत्रलाई दिएको दाबी गरे। उनले भने, '२०७८ भन्ने एउटा कार्यविधि छ, सवारी चालक परीक्षा, प्रयोगात्मक परीक्षा स्थल छनोट कार्यविधि, त्यहीअनुसार दिएका हौँ, प्रयोगात्मक परीक्षा सञ्चालन गर्नेले निःशुल्क परीक्षा हल उपलब्ध गराउनुपर्ने व्यवस्था गरिएको छ, त्यहीबमोजिम दिएका हौँ।"
कार्यविधिअनुसार नै दिने हो भने पनि हाल प्रयोगात्मक परीक्षा सञ्चालन भइरहेको इजिवे ट्रायल सेन्टरलाई दिनुपर्ने हो, तर त्यसो नगरी अनियमितता गर्दै कार्यालय प्रमुखले दाबी गरेकै कार्यविधि विपरीत परीक्षा सञ्चालनको अनुमति मनोमानी ढङ्गले दिएको कार्यालयका एक कर्मचारीले बताए । ती कर्मचारीका अनुसार कार्यालयका अन्य कर्मचारीलाई समेत पत्तो नदिई चलखेल गर्दै हिमालय टाइम्स पत्रिकामा सूचना प्रकाशित गरेर कार्यविधि विपरीत निजी क्षेत्रलाई परीक्षा सञ्चालनको अनुमति दिइएको हो ।कार्यालयले बस र मिनीबसको प्रयोगात्मक परीक्षाको अनुमित पनि बुढाथोकी मोटर ड्राइभिङ सेन्टरलाई दिएको छ । भक्तपुरमा अब बस र मिनीबसको समेत सवारी चालक अनुमतिपत्र लिनका लागि प्रयोगात्मक परीक्षा सञ्चालन बुढाथोकी मोटर ड्राइभिङ सेन्टरमा गर्ने गरी सम्झौता गरेको छ।
कार्यालय प्रमुख निरौलाले भने, 'बुढाथोकी ट्रेडर्स एन्ड ट्रेनिङ स्कुल प्रालिलाई बस र मिनीबसको प्रयोगात्मक परीक्षा सञ्चालन गर्न सम्झौता गरिसक्यौँ, मन्त्रालयले कोटा खुलाएपछि सुरु हुन्छ, कार्यविधिमा प्रयोगात्मक परीक्षा जहाँ सञ्चालन हुन्छ, त्यहीँ निःशुल्क परीक्षा हलको व्यवस्था गर्नुपर्ने उल्लेख गरिएको छ, त्यहीअनुसार दिइएको हो।'
कार्यालय प्रमुखले दाबी गरेअनुसार २०७८ को कार्यविधि भने पनि कार्यालयले हालसम्म यो कार्यविधिलाई टेकेर यसखालको निर्णय नभई आफ्नै कार्यालयमा परीक्षा हलको व्यवस्था गर्दै परीक्षा सञ्चालन गर्दै आएको थियो । कार्यविधिलाई नै मान्ने हो भने पनि उक्त प्रालिलाई बस र मिनीबसको लिखित परीक्षाको मात्रै अनुमति दिनुपर्ने हो तर अनियमितता गर्दै सबैको लिखित परीक्षा एकै ठाउँमा गर्ने सम्झौता गरेको कर्मचारीकै भनाइ छ।
यसबारेमा कार्यालय प्रमुख निरौलाले कार्यविधिअनुसार बस र मिनीबसको प्रयोगात्मक परीक्षा सुरु भए पनि लिखित परीक्षाको स्थलको अनुमति दिनुपर्ने भए पनि हाल भएको कार्यालयमा ठाउँ साँघुरो भएका कारण दिएको बताए । उनले भने, 'कार्यालयको लिखित परीक्षा सञ्चालन गर्ने हल साँघुरो भो, त्यहाँ ८० जना परीक्षार्थी खाँदेर राख्नुपर्छ, घाम लाग्दा तातो न तातो हुने, पानी पर्दा जस्ताको आवाजले 'डिस्टर्भ' हुने भो, कार्यालयमा भीडभाड पनि कम गर्न र परीक्षार्थीको हितका लागि निजी क्षेत्रलाई दिएका हौँ ।'
तर परीक्षार्थीले भने कार्यालयले निकै दुःख दिएको बताएका छन् । सोमबार परीक्षा केन्द्रमा आएका परीक्षार्थीले परीक्षाका लागि दस्तुर बुझाउन, फोटो खिच्न, स्वास्थ्य परीक्षणलगायतको प्रक्रियाका लागि कार्यालयमा जानुपर्ने, लिखित परीक्षाका लागि अन्तै जानुपर्ने र फेरि प्रयोगात्मक परीक्षाका लागि अन्तै जानुपर्ने व्यवस्था गरेर दुःख दिएको बताएका छन् । सूचना अधिकारी गोविन्दराज शिवाकोटीले भने कार्यालयले अहिलेको परीक्षा हललाई बैठक हल बनाउने योजना गरेको बताउँदै यातायातका बारेमा आएका धेरै गुनासोलाई सम्बोधन गर्न कार्यालयले सुधारको प्रक्रिया थाल्नुपर्ने बताए।
यता बुढाथोकी ट्रेडर्स एन्ड ट्रेनिङ स्कुल प्रालिका सञ्चालक खगेन्द्र बुढाथोकीले भने नियमानुसार नै लिखित परीक्षा सञ्चालनको अनुमति पाएको दाबी गरे । कार्यालयले मापदण्ड पूरा गरेका परीक्षा हल निःशुल्क उपलब्ध गराउन बोलपत्र आह्वान गरेपछि बोलपत्र पेस गरेर आफ्नो प्रालि नियमानुसार छनोटमा परेको उनले बताए।
'त्यसमा अनियमितताको कुरा आउँदैन, यसले बिचौलियालाई मात्र समस्या पार्ला', उनले भने, 'हामीले नियमानुसार यातायात कार्यालयले लिने परीक्षा हल निःशुल्क उपलब्ध गराउने सम्झौता गरेका हौँ, चाबहिलस्थित प्रयोगात्मक परीक्षा स्थलमा पनि यसैगरी वर्षौंदेखि लिखित परीक्षा सञ्चालन भइरहेको छ, त्यहाँ जसरी भयो, यहाँ पनि त्यसैगरी भयो।'





# दुई हजार दरका भारतीय नोट बन्द हुँदा नेपालमा के प्रभाव पर्छ ?

## भारतमा के छन् आरबीआईका नयाँ नियम?

- मे २३, २०२३ देखि दुई हजार दरका नोटहरू ब्याङ्क खाता वा कुनै पनि ब्याङ्कमा साट्न सकिन्छ
- कुनै पनि ब्याङ्क शाखामा एक पटकमा २०,००० सम्म जम्मा गर्न सकिन्छ
- यी सबै प्रक्रिया तोकिएको समयभित्र सम्पन्न गर्न र जनतालाई पर्याप्त समय दिनका लागि सबै ब्याङ्कहरूमा सेप्टेम्बर ३०, २०२३ सम्म रकम जम्मा गर्ने सुविधा उपलब्ध हुनेछ
- आरबीआईले ब्याङ्कहरूलाई तत्काल दुई हजारका नयाँ नोट प्रवाह नगर्न निर्देशन दिएको छ
- आरबीआईले यसअघि पाँच सय र एक हजार दरका नोटको प्रचलन बन्द गरेपछि अर्थतन्त्रमा मुद्राको आवश्यकता पूरा गर्न दुई हजारका नोट जारी गरिएको बताएको छ
- आरबीआईका अनुसार साना नोटको आपूर्ति सहज भएपछि सन् २०१८-१९ मा दुई हजारका नोट छाप्न रोकिएको थियो
- आरबीआईका अनुसार दुई हजारको ८९ प्रतिशत नोट मार्च २०१७ अघि जारी गरिएको थियो ।



**विविसी**
**दिल्ली ।**
भारतको रिजर्भ ब्याङ्कले गत साता भारतीय रुपैयाँ दुई हजार दरका नोट चलनचल्तीबाट हटाउने घोषणा गरेसँगै खुला सीमा रहेको नेपालमा त्यसको सम्भावित प्रभाव पर्ने चर्चा परिचर्चा भइरहेको छ । शुक्रवार जारी गरिएको विज्ञप्तिमा आरबीआईले दुई हजारका नोटहरू वैध रहने र ३० सेप्टेम्बर २०२३ सम्म ब्याङ्कहरूमा जम्मा गर्न सकिने जनाएको छ ।
यसअघि सन् २०१६को नोभेम्बर महिनामा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको सरकारले अचानक भारतीय रुपैयाँ पाँच सय र एक हजारको नोट चलनचल्तीबाट हटाउने निर्णय गरेको थियो । उक्त कदम चालिएको ६ वर्ष भइसकेको छ तर नेपालमा रहेका प्रतिबन्धित नोटहरू फिर्ता लिने विषयबारे दुई देश टुङ्गोमा पुग्न सेकका छैनन् ।
यस्तो अवस्थामा भारतको पछिल्लो कदमले नेपाललाई के फरक पार्छ भन्ने कुरा चासोको विषय बनेको छ । सन् २०१६मा भारतले भारु पाँच सय र एक हजारको नोट चलनचल्तीबाट हटाउने निर्णय अचानक गर्दा नेपालका ब्याङ्कहरूमा ८ करोड १० लाख बराबरका त्यस्ता नोट थिए । नेपाल राष्ट्र ब्याङ्कका अनुसार देशका विभिन्न ब्याङ्कहरूमा पाँच सय दरका ६८,१४७ थान नोट र एक हजार दरका १६,५५२ थान नोट अहिले पनि यथावत् छन् ।
त्यसको अतिरिक्त सर्वसाधारणहरूसँग पनि चलनचल्तीबाट हटाइएको भारु भएको बताइने गरे पनि परिमाण भने यकिन हुन सकेको छैन ।
सन् २०१६को नोटबन्दीपछि नेपालले भारु एक सय भन्दा बढीको नोट चलनचल्तीमा ल्याएको छैन। केन्द्रीय ब्याङ्कले यस विषयमा सार्वजनिक सूचना जारी गरेको थियो । "एक सय भन्दा माथिका दरका नोटहरू गैर कानुनी मानिने भनेर सार्वजनिक सूचना जारी गरिएको थियो," नेपाल राष्ट्र ब्याङ्कका सहायक प्रवक्ता नारायणप्रसाद पोखरेलले भने । त्यसको अर्थ हाल नेपालको ब्याङ्कीङ प्रणालीमा भारु एक सयभन्दा बढी दरका नोटहरू छैनन् । आम सर्वसाधारणले एक सय भारुभन्दा बढीको नोट कारोबार गर्नु वा साथमा राख्नुलाई समेत केन्द्रीय ब्याङ्कले गैर कानुनीको संज्ञा दिएको छ। 'त्यसकारण यसको असर जिरो (कुनै असर पर्दैन) नै पर्ला भन्नु पर्‍यो, देखिने रूपमा,' पोखरेलले भने । 'तर नदेखिँदो रूपमा त पक्कै पनि भारतीय सीमा क्षेत्रका मानिसहरूले ठूलो दरको नोट सहजताका कारण बोक्ने भएको हुनाले उनीहरूलाई चाहिँ अप्ठ्यारो पर्छ।' नेपाल र भारतबीच लामो खुला सीमा छ। जस कारण दुवै देशका सर्वसाधारण सहजै एक देशबाट अर्कोमा पुग्न र त्यहाँका बजारमा किनमेल गर्न सक्छन् । सीमावर्ती जिल्लाहरूमा भारतमा नेपाली रुपैयाँ र नेपालमा भारतीय रुपैयाँमै कारोबार समेत हुने गरेका छन् । आधिकारिक रूपमा नेपालका वित्तीय संस्थाहरूसँग भारु दुई हजारको नोट नभए पनि सर्वसाधारणहरूसँग उक्त दरको रकम रहेको सहजै अनुमान गर्न सकिने अवस्था छ । आरबीआईले मे २३, २०२३ देखि नोटहरू सर्वसाधारणको ब्याङ्क खाता वा कुनै पनि ब्याङ्कबाट साट्न सकिने जनाएको छ । पोखरेल पनि भारु दुई हजार दरका नोट भएका व्यक्तिहरूले आफै ती नोट साट्न पहल लिनुपर्ने बताउँछन्।"उहाँहरू के कुरामा सुसूचित हुनुपर्‍यो भने त्यो इन्डिभिजुअल इफोर्टबाटै (व्यक्तिगत पहल) सटही गर्नुपर्दो रैछ, ब्याङ्किङ च्यानलबाट सटही हुन नसक्दो रहेछ। त्यसको कारण यो (दुई हजारको नोट) गैरकानुनी भनिएको रहेछ। त्यसले गर्दा यो प्रहरी प्रशासनले भेट्नुभन्दा अगाडि वहाँहरूले व्यक्तिगत तवरबाट साट्न सक्नु पर्‍यो, समय सीमाभित्र। सक्नुभएन भने त्यो कागजको खोस्टो बराबर हुन्छ," पोखरेलले भने ।
अधिकारीहरूका अनुसार विगतमा नेपालले ठूला दरका भारतीय नोट चलाउने गरेको थिएन । सन् २०१६को नोटबन्दी अघि भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमणका क्रममा दुई देशका सरकारबीच भएको समझदारीमा आधारित रहेर भारु पाँच सय र एक हजारका नोट चलाउन थालिएको थियो । ६ वर्षअघि भारतले नोटबन्दी गरेपछि नेपाल र भारतका अधिकारीहरूबीच नेपालको ब्याङ्किङ प्रणालीमा रहेको प्रतिबन्धित भारतीय नोट फिर्ता गर्ने कुराबारे पटक पटक छलफल भएका छन् । पूर्व प्रधानमन्त्री शेरबहादुर देउवाको भारत भ्रमणका बेला नेपालले ८ करोड १० लाख रुपैयाँ सटही गर्नका लागि भारतसँग प्रस्ताव राखेको थियो ।
त्यसपछि पनि दुई देशका केन्द्रीय ब्याङ्कका गभर्नरहरूबीच छलफल भएको थियो । तर भारतको केन्द्रीय ब्याङ्कले सरकारी तहबाट मात्र समस्या सल्टाउन सकिने सङ्केत गरेको थियो । पछिल्लो पटक गत एप्रिल २८ तारिखमा भएको दुई देशका केन्द्रीय ब्याङ्कका प्राविधिक समितिको पाँचौं बैठकमा उक्त विषय एजेन्डामै परेन ।
पटक पटक भारतीय पक्षसँग भएका छलफलबाट कुनै प्रतिफल नआएपछि नेपाल राष्ट्र ब्याङ्कका अधिकारीहरू नै यो विषय सल्टिने विषयमा आशावादी देखिँदैनन्। 'एक किसिमले हार खाएजस्तै भयो। सुनुवाइ कतैबाट नहुने भो,' पोखरेलले भने । त्यसै कारण प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको आसन्न भारत भ्रमणका क्रममा पनि नेपालले भारतीय नोटबन्दीका कारण नेपालमा परेको समस्याको कुरा उठाउने सम्भावना हालसम्म नदेखिएको अधिकारीहरू बताउँछन् । पछिल्ला केही महिनाहरूमा यदाकदा नेपालमा पनि निश्चित दरका नोटहरू चलनचल्तीबाट हटाउन लागिएको भन्ने हल्ला चल्ने गरेको छ।
तर अधिकारीहरू भने हाल त्यस्तो कुनै सम्भावना नरहेको बताउँछन् । नेपालमा नोट छपाइ नहुने हुँदा ८ देखि १० वर्षसम्मका लागि नोट छापिने गर्छ। 'नोटबन्दी' गर्दा त्यो खर्च खेर जान्छ । " भनौं न एक हजारको नोट डिमोनिटाइज गर्ने भन्दा हामी शून्यमा पुग्छौं। हामीसँग केही पनि बाँकी रहँदैन। त्यसपछि अन्तर्राष्ट्रिय टेन्डर गर्नुपर्‍यो, छपाइ गर्नुपर्‍यो, ढुवानी गर्नुपर्‍यो अनि वितरण गर्नुपर्‍यो। यसमा समय लाग्छ। त्यसकारण निकै धेरै पूर्व योजना बनाउनुपर्ने हुन्छ। यो एउटा सम्भावना भयो,' पोखरेलले भने । अर्को सम्भावना भनेको नेपालमा नोट मुद्रण रातारात गरेर बजारमा प्रवाह गर्न सक्दा रहन्छ । त्यसकारण बलियो सरकार भएका बेला मात्रै निश्चित दरका नोटहरूको प्रचलन रोक्ने कार्य सम्भव हुन सक्ने अधिकारीहरू बताउँछन् ।

# इयुका नेता दक्षिण कोरिया आउने



**एएफपी**
**सियोल।**
व्यापार सम्झौता, युक्रेनमा भएको युद्ध र उत्तर कोरियाको प्रतिबन्धित हतियार कार्यक्रमलगायत विषयमा वार्ताका लागि यूरोपेली नेताहरू मङ्गलबार दक्षिण कोरिया आउने भएको छ।
उनीहरूले विशेष गरी द्विपक्षीय व्यापार सम्झौता, युक्रेनमा भएको युद्ध र उत्तर कोरियाको प्रतिबन्धित हतियार कार्यक्रमबारे दक्षिण कोरियाली राष्ट्रपति युन सुक येओलसँग शिखर वार्ता गर्नेछ । हिरोशिमामा सम्पन्न जी-७ शिखर सम्मेलनमा सहभागी भएका युरोपेली परिषद्का अध्यक्ष चार्ल्स मिशेल र युरोपेली आयोगका अध्यक्ष उर्सुला भोन डेर लेयेनले युरोपेली सङ्घ ((ईयू) बाट बेलायतको बहिर्गमनपछि आवश्यक स्रोत र साधनको वैकल्पिक बजार बिस्तार गर्न दक्षिण कोरियासँग व्यापारिक सम्बन्ध बिस्तारको प्रयास थालेका हुन्।
युरोपेली परिषद्ले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'युरोपेली सङ्घ र दक्षिण कोरियाले नियममा आधारित अन्तर्राष्ट्रिय व्यवस्थाकायम राख्न आफ्नो बलियो संयुक्त समर्थन व्यक्त गर्ने अपेक्षा गरिएको छ ।'विश्वको नवौं ठूलो हतियार निर्यातक दक्षिण कोरियाले युक्रेनलाई मानवीय सहायता पठाएको छ भने पोल्याण्डलाई ट्यांक र छोटो दूरीमा प्रहार गर्ने शक्तिशाली तोपगोला ( होवित्जर) बेचेको छ।
यद्यपि, सक्रिय द्वन्द्वग्रस्त क्षेत्रमा हतियार उपलब्ध नगराउने उसको लामो समयदेखिको नीति छ ।गत साता सोलमा जेलेन्स्कीकी पत्नी ओलेना जेलेन्स्कासँगको भेटपछि यूनले युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीसँग जी-७ सम्मेलनका क्रममा आइतबार भेटवार्ता गरेका थिए।
हिरोसिमामा जेलेन्स्कीसँगको भेटमा युनले युक्रेनका राष्ट्रपतिको अनुरोधमा युक्रेनलाई उपकरण र एम्बुलेन्सलगायत थप गैरघातक सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेको दक्षिण कोरियाली राष्ट्रपतिको कार्यालयले जनाएको छ ।ईयूका नेताहरूको यो भ्रमण अर्थव्यवस्था, स्वास्थ्य, विज्ञान र प्रविधिका क्षेत्रमा व्यावहारिक सहयोग लाई सुदृढ गर्ने र क्षेत्रीय तथा विश्वव्यापी मुद्दाहरूमा सहयोगलाई प्रगाढ बनाउने अवसर हुने यूनको कार्यालयले जनाएको छ।

# पपुवा न्युगिनी र अमेरिकाबीच सुरक्षा सम्झौतामा हस्ताक्षर




**एएफपी**
**पोर्ट मोरेस्बी ।**
पपुवा न्युगिनीले सोमबार संयुक्त राज्य अमेरिकासँग रक्षा सम्झौतामा हस्ताक्षर गरेको छ । सम्झौताले अमेरिकी सेनालाई आफ्नो हवाई क्षेत्र र बन्दरगाहहरूमा पहुँच प्रदान गरेको छ । वासिङ्टनले प्रशान्त क्षेत्रमा चीनको बढ्दो गतिविधिलाई लिएर चिन्ता व्यक्त गर्दै आएको समय उसले रणनीतिक सहयोगको बदलामा कूटनीतिक र वित्तीय प्रोत्साहनका साथ राष्ट्रहरूलाई आकर्षित गर्ने प्रयास गरिरहेको छ । राजधानी पोर्ट मोरेस्बीमा दक्षिण प्रशान्त क्षेत्रका १४ टापु राष्ट्रका नेतासँग अमेरिकी बैठक सुरु हुनुअघि रक्षामन्त्री विन बकरी डाकीले अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनसँग सम्झौतामा हस्ताक्षर गरेका थिए । रक्षा सहयोग सम्झौता भएको बताउँदै प्रधानमन्त्री जेम्स मारापेले हस्ताक्षर समारोहमा भने,'प्रशान्त टापुले संयुक्त राज्य अमेरिकासँग आफ्नो सम्बन्धलाई 'उच्च' बनाइरहेको छ ।'
ब्लिन्केनका अनुसार दुवै देशले एकअर्काको जहाजको प्रयोग गर्न, प्राविधिक विशेषज्ञता आदानप्रदान गर्न र समुन्द्रमा 'राम्रो गस्ती' गर्न सक्नेछन् । उनले भने, 'हामी भविष्यलाई आकार दिन सँगै काम गरिरहेका छौं । हामी हाम्रो साझेदारीलाई अर्को स्तरमा पुऱ्याउन निकै उत्सुक छौं ।'दक्षिण प्रशान्त क्षेत्रमा बढ्दो प्रतिद्वन्द्विताको सङ्केतस्वरूप ब्लिन्केन बेइजिङको बढ्दो आर्थिक, राजनीतिक र सैन्य उपस्थितिको सामना गर्ने उद्देश्यले प्रमुख शक्तिहरूको एक्लै प्रतिनिधित्व गरेको थिएन ।
भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले आफ्नो शिखर सम्मेलनको पूर्वसन्ध्यामा आफूभन्दा केही घण्टाअघि नै चीनको उदयमा क्षेत्रीय शक्तिका रूपमा आफ्नो देशको भूमिका रहेको बताएका थिए । 'हामी बहुपक्षीयतामा तपाईंको विश्वाससँग सहमत छौं । हामी स्वतन्त्र, खुला र समावेशी इन्डो-प्यासिफिकको समर्थन गर्छौं र सबै देशको सार्वभौमिकता र अखण्डताको सम्मान गर्छौं,' मोदीले प्रशान्त क्षेत्रका नेताहरूलाई सम्मेलनमा भने ।
पपुवा न्यूगिनीसँग सुरक्षा सम्झौतामा हस्ताक्षर गरेर यस क्षेत्रमा तैनाथ हुने अमेरिकी सेनाको क्षमता पनि विस्तार गरिने ब्लिन्केनले बताए । बेइजिङले प्रशान्त महासागरमा रहेका खानी र बन्दरगाहहरू बन्द गरेको छ र गत वर्ष सोलोमन टापुसँग गोप्य सुरक्षा सम्झौतामा हस्ताक्षर गरेको छ, जसले चीनलाई देशमा सेना तैनाथ गर्न अनुमति दिन्छ ।

# विद्यालयमा आगलागी हुँदा २० जनाको मृत्यु



**एएफपी**
**जर्जटाउन।**
गयानाको एक विद्यालयमा आइतबार भएको आगलागीमा परी कम्तीमा २० जनाको मृत्यु भएको छ।
'यो ठूलो विपत्ति हो । यो भयानक छ, यो दर्दनाक छ,' दक्षिण अमेरिकी राष्ट्र युयनाका राष्ट्रपति इरफान अलीले स्थानीय समय अनुसार आइतबार राति भने । मध्य गुयानास्थित महदिया माध्यमिक विद्यालयमा भएको आगलागीमा परी मृत्यु हुनेको संख्या २० पुगेको छ भने कैयौं घाइते भएका छन्।
अलीले आगलागीबाट घाइते भएका सबै बालबालिको उपचार भइरहेको बताए । उनले राजधानी जर्जटाउनका दुई प्रमुख अस्पतालमा हरेक बालबालिकालाई ध्यान दिन आवश्यक सम्भावित सबै व्यवस्था गर्न आदेश दिएको बताए । जर्जटाउनबाट करिब २०० किलोमिटर दक्षिणमा रहेको महदिया क्षेत्रमा भारी वर्षाका कारण स्थल मार्ग विच्छेद् भएकोले निजी र सैन्य विमान उद्धारका लागि पठाइएको उनले बताए । विपक्षी सांसद नताशा सिंह लुईसले आगलागीको कारणबारे छानबिन गर्न माग गरेका छन्।
उनले भने, 'हामीले यो सबैभन्दा भयानक र घातक घटना कसरी भयो भनेर बुझ्न आवश्यक छ र यस्तो त्रासदी फेरि हुन नदिन आवश्यक सबै उपायहरू चाल्नु आवश्यक छ ।'करिब आठ लाख जनसंख्या भएको तीव्र विकासलाई पछ्याउने आशा गरेको सानो अङ्ग्रेजी भाषी देश गयाना विश्वको सबैभन्दा ठूलो प्रतिव्यक्ति तेल भण्डार भएको पूर्व डच र बेलायती उपनिवेश हो।

# शमखानी इरानी सेना प्रमुखबाट हटाइयो

**एएफपी**
**तेहरान।**
इरानी सैनिक जनरल अली शमखानीलाई सेना प्रमुखको जिम्मेवारीबाट हटाइएको छ।
इरानका राष्ट्रपति इब्राहिम रायसीले सोमबार लामो समयदेखि खाडी मुलुक इरानका सेना प्रमुख तथा खाडी मुलुकसँगको वार्तामा प्रमुख मध्यस्थकर्ता रहेका शमखानीलाई हटाएर सोमबार रिभोलुसनरी गार्ड्सका जनरल अली अकबर अहमदियालाई देशको शीर्ष सुरक्षा निकायको नयाँ जिम्मेवारीमा नियुक्त गरेका छन् ।राष्ट्रपतिको आधिकारिक वेबसाइटमा भनिएको छ, 'अली अकबर अहमदियाँलाई राष्ट्रपतिको आदेशद्वारा सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्को प्रमुखमा नियुक्त गरिएको छ।'
नेसनल डिफेन्स युनिभर्सिटीमा अध्ययन गरेका अहमदियानयाँ पदमा नियुक्त हुनुअघि इस्लामिक रिभोलुसनरी गार्ड कोरको रणनीतिक केन्द्रको जिम्मेवारीमा रहेका थिए। उनी सर्वोच्च नेता अयातुल्लाह अली खामेनीको सल्लाहकार बोर्डको रूपमा काम गर्ने एक्सपिडेन्सी काउन्सिलका सदस्य पनि थिए । अहमदियाँले यसअघि रिभोल्युसनरी गार्ड्सको नौसैनिक बलको कमान्डर र गार्ड्सको ज्वाइन्ट स्टाफको प्रमुखको रूपमा पनि काम गरिसकेका छन्।
गत मार्चमा सुन्नी समुदायको शक्ति केन्द्र साउदी अरबसँग इरानको ऐतिहासिक सम्बन्ध स्थापनामा महत्वपूर्ण भूमिका खेलेका ६७ वर्षीय अली शमखानीको करिब एक दशक लामो कार्यकाल समाप्त भएको छ ।यसअघि रिभोलुसनरी गार्डका कमाण्डरसमेत रहेका शमखानीलाई इरानको केही खाडी मुलुकसँगको वर्षौं लामो तनाव कम गर्ने श्रेय दिइएको थियो ।सन् २०१३ को सेप्टेम्बरमा उहाँलाई सुरक्षा परिषद्को प्रमुखमा नियुक्त गरिएको थियो।

# उज्वेकिस्तानले श्रीलङ्कालाई हरायो

**रासस**
**काठमाडौं ।**
एनएससी-काभा अन्तर्राष्ट्रिय महिला भलिबल प्रतियोगितामा उज्वेकिस्तानले श्रीलङ्कालाई पराजित गरेको छ । राष्ट्रिय खेलकुद परिषद् (राखेप)को सहयोग तथा नेपाल भलिबल सङ्घको आयोजनामा भएको उक्त प्रतियोगितामा उज्वेकिस्तानले श्रीलङ्कालाई ३-० को सोझो सेटमा पराजित गरेको हो । यस जितसँगै उज्वेकिस्तानले शीर्ष तीन अङ्क जोडेको छ । त्रिपुरेश्वरस्थित राखेपको कभर्डहलमा सोमबार भएको पहिलो खेलमा उज्वेकिस्तानले पहिलो सेट २७-२५, दोस्रो सेट २५-२० र तेस्रो तथा अन्तिम सेट २५-१४ ले आफ्नो पक्षमा पाऱ्यो ।
सोमबारदेखि सुरुआत भएको उक्त प्रतियोगिता विभिन्न आठ राष्ट्रको सहभागिता रहेको छ । प्रतियोगितामा नेपालसहित, भारत, बङ्गलादेश, माल्दिभ्स, श्रीलङ्का, किर्गिस्तान, उज्वेकिस्तान र काजकिस्तानको सहभागिता रहेकामा सहभागी टोलीलाई दुई समूहमा विभाजन गरिएको छ ।समूह ए मा नेपाल, भारत, बङ्गलादेश र कीर्गिस्तान छन् भने समूह बी मा श्रीलङ्का, माल्दिभ्स, काजकिस्तान र उज्वेकिस्तान रहेका छन् ।

# विश्वकप छनोटका लागि २२ सदस्यीय प्रारम्भिक टिम घोषणा

**काठमाडौं ।**
जिम्बावेमा हुने विश्वकप छनोटका लागि नेपाल क्रिकेट संघ क्यानले २२ सदस्यीय प्रारम्भिक टिमको घोषणा गरेको छ ।
रोहितकुमार पौडेले कप्तान रहेको टोलीमा कुशल भुर्तेल, आसिफ शेख, ज्ञानेन्द्र मल्ल, कुशल मल्ल, आरिफ शेख, दीपेन्द्र सिंह ऐरी, गुल्सन झा, सोमपाल कामी, करन केसी, सन्दीप लामिछाने, भीम सार्की, प्रतिश जिसी, ललित राजवंशी तथा अर्जुन साउद छन् । यस्तै सन्दीप जोरा, देव खनाल, किशोरी महतो, सूर्य तामाङ, कमल सिंह ऐरी, मौसम ढकाल र अविनाश बोहरा पनि प्रारम्भिक टोलीमा परेका छन् ।भारतमा हुने वान डे विश्वकप क्रिकेटको लागि १० टोली सम्मिलित छनोट प्रतियोगिता आगामी जुन -जुलाईमा जिम्बावेमा हुँदैछ । जसमा टेष्ट मान्यताप्राप्त चार राष्ट्र र एसोसिएट ६ टिमले खेल्नेछन् ।जुन १८ देखि जुलाई ९ सम्म जिम्बावेमा हुने छनोट प्रतियोगितामा घरेलु टोलीसहित वेष्ट इन्डिज, श्रीलंका, आयरल्याण्ड, नेदरल्याण्ड्स, स्कटल्याण्ड, नेपाल, अमेरिका र युएईले प्रतिस्पर्धा गर्नेछन् । सहभागी १० टोलीलाई दुई समूहमा विधाजन गरिनेछ र लिग चरणको खेलपछि दुवै समूहका शीर्ष तीन टोली सुपर सिक्समा प्रवेश गर्नेछन् ।

# युक्रेनको जापोरिजझिया आणविक केन्द्र पुनः विद्युत ग्रिडबाट काटियो




**एएफपी**
**मस्को ।**
युक्रेनको कब्जामा रहेको जापोरिजझिया आणविक केन्द्रलाई पुनः विद्युत् ग्रिडबाट विच्छेद गरिएको युक्रेनी भूभागमा रहेका रूसी प्रशासक र युक्रेनी आणविक एजेन्सीले सोमबार बताएका छन् ।
रूसी प्रशासनले टेलिग्राममा लेखेको छ, 'हाई एक्टेन्सन लाइन' काटिएका कारण प्लान्टले आफ्नो बाह्य विद्युत आपूर्ति गुमाएको छ । लोडसेडिङको कारणबारे अनुसन्धान भइरहेको छ साथै यसलाई ब्याकअप डिजेल जेनेरेटरले सञ्चालन गरिएको छ ।
युक्रेनको आणविक एजेन्सी एनरगोएटोमले रूसले सोमबार बिहान आक्रमण गरेको आरोप लगाउँदै सन् २०२२ मार्चमा मस्कोको सेनाले नियन्त्रणमा लिएपछि प्लान्टमा लोडसेडिङ् अवस्थामा गएको यो सातौं घटना भएको जनाएको छ । एनरगोएटोमका अनुसार जेनेरेटर प्रणाली सञ्चालनका लागि प्लान्टमा १० दिनका लागि पर्याप्त इन्धन मौज्दात छ । 'यदि यो समयमा प्लान्टमा बाह्य ऊर्जा पुनः स्थापना गर्न असम्भव भएमा विकिरणको परिणाम निम्तिने खतरा हुन सक्छ,' एनरगोएटमले चेतावनी दिएको छ । यसैबीच, निप्रो क्षेत्रका गभर्नरले रातभर हवाई आक्रमण भएको र चारवटा रूसी क्षेप्यास्त्र र १५ वटा ड्रोन खसालेको र कम्तीमा आठ जना सर्वसाधारण घाइते भएको बताएका छन् । दक्षिणपूर्वी युक्रेनमा अवस्थित युरोपको सबैभन्दा ठूलो आणविक केन्द्र जापोरिजझियामा यसपहिले पनि रूसी क्षेप्यास्त्र आक्रमणका कारण विद्युत् कटौती भएको एनरगोएटमले जनाएको छ ।
यद्यपि, उक्त आक्रमणको केही घण्टापछि बाह्य विद्युत् आपूर्ति सुचारु भएको थियो । जापोरिजियाले युक्रेनको लगभग २० प्रतिशत बिजुली आपूर्ति गर्नेगरेको शक्तिशाली विद्युत गृह हो । सेप्टेम्बरमा बिजुली उत्पादन रोक्नुअघि प्लान्टले रूसको आक्रमणको प्रारम्भिक महिनाहरूमा बारम्बार गोलाबारीको बावजुद काम जारी राखेको थियो । प्लान्टको छ वटा सोभियत-युगको रिएक्टरमध्ये कुनै पनि बिजुली उत्पादन गरेको छैन । तर विशेष गरी रिएक्टरहरू चिसो गर्र्ने यसको आफ्नै आवश्यकताहरूको लागि यसलाइ्र युक्रेनी पावर ग्रिडसँग जोडिएको छ ।

# संसदमा देश र मधेशका मुद्दा

**मधेशदृष्टि**
**वीरगंज।**
सोमबार भएको प्रतिनिधि सभा र राष्ट्रिय सभा बैठकमा मधेश प्रदेशका सांसदहरुले देश र मधेश प्रदेशका मुद्दालाई प्राथमिकतासँग उठाएका छन्। सरकारको नीति तथा कार्यक्रममासथ टिप्पणीसँगै जनताका मुद्दामा केन्द्रित रहेर सांसदहरुले आफ्नो धारणा राखेका हुन्।

## कार्यक्रम समस्या समाधानमा केन्द्रित



नेकपा एकीकृत समाजवादी, संसदीय दलका नेता माधवकुमार नेपालले नीति तथा कार्यक्रम वर्तमान समस्याको समाधान गर्न सफल हुने बताएका छन्। प्रतिनिधिसभाको सोमबारको बैठकमा नीति तथा कार्यक्रममा पूर्वप्रधानमन्त्री नेपालले जनशक्ति पलायनको समस्या, आर्थिक तरलता, उच्च ब्याजदर, जमिन बाँझो, खाद्य अवस्था सङ्कटलगायतको समस्या समाधान गरेर देश रुपान्तरण गर्न आगामी वर्षको नीति तथा कार्यक्रमले सहयोग पुग्ने बताए। देशमा सहकार्यको आवश्यकतामा जोड दिँदै नेपालले व्यक्तिवाद र सर्वशक्तिमान सोचले सहकार्यमा अप्ठ्यारो हुने गरेको बताए। जनता र देशलाई केन्द्रविन्दुमा राख्ने नै सफल हुने भएकाले असल नागरिक बन्ने र बनाउन सके देश रुपान्तरणको सपना साकार हुने उनको भनाइ थियो।
त्रिभुवन विमानस्थलको विकल्पमा बाराको निजगढ विमानस्थल निर्माणमा ढिलाइ भइरहेको नेता नेपालले बताए। नेपालको पर्यटन प्रवर्द्धन र आर्थिक अवस्थाको सुधारका लागि निजगढ विमानस्थलको आवश्यकता रहेको उनले उल्लेख गरे।
उत्पादन बढाउन नसके रोजगारी बढाउन नसकिने र आत्मनिर्भर पनि नभइने उल्लेख गर्दै नेता नेपालले नेपाली उत्पादनलाई प्रोत्साहन गर्नुपर्ने सुझाव दिए।

## सिर्सियाको प्रदूषण रोकौँ



सांसद प्रदीप यादवले सिर्सिया नदी प्रदूषणमुक्त बनाउन सरकारले कुनै काम नगरेको आरोप लगाएका छन्।
सोमबार प्रतिनिधिसभाको बैठकको शून्य समयमा बोल्दै पर्सा क्षेत्र नम्बर १ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य यादवले सिर्सिया नदीलाई प्रदूषणमुक्त बनाउन वीरगंज महानगरपालिकाको एकल प्रयासले सम्भव नभएको बताए।
पूर्व वन तथा वातावरणमन्त्रीसमेत रहेका यादवले भने, 'सिर्सिया नदी प्रदूषणमुक्त बनाउन वीरगंज महानगरपालिकाको एकल प्रयास प्रयाप्त छैन, यसमा संघ सरकारले भूमिका खेल्नै पर्छ। महानगरले पटकपटक जरिवाना गर्दा पनि उद्योगहरुले अटेरी गर्दै आएका छन्।'
अभियान्ताहरु सिर्सिया नदीको प्रदूषित पानी बोकेर वीरगंजदेखि काठमाडौँसम्मको पदयात्रा गरिरहेको जानकारी गराउँदै उनले सिर्सिया नदीको सफाईका लागि संघ सरकारले कुनै कदम नउठाएको भन्दै आपत्ति जनाए।
नदीलाई प्रदूषित बनाउने उद्योगलाई कारबाही गर्न र नदी प्रदूषणमुक्त बनाउन सांसद यादवले संघ सरकारका उद्योग मन्त्रीको ध्यानाकर्षण गराए।
'संघ सरकारका उद्योग मन्त्री रमेश रिजाल पर्सावासी नै हुनुहुन्छ। सिर्सिया नदी प्रदूषित गर्ने उद्योगलाई कारवाही गर्ने उनको अधिकार क्षेत्रभित्र पर्छ। हालसम्म उनले यसको लागि के गर्नुभएको छ, संसद्मार्फत जानकारी गराउन अनुरोध गर्दछु,' यादवले भने।

## बजेट टाइपिस्ट सरुवा गरौँ



स्वतन्त्र सांसद अमरेशकुमार सिंहले सरकारले कर्मचारीको नियमित सरुवा गर्ने गरे पनि बजेट टाइप गर्ने कम्प्युटर अपरेटरको सरुवा किन नगरेको भन्दै प्रश्न गरेका छन्।
संसदमा बोल्दै सिंहले विगत १० वर्षको बजेटको ट्रेन्ड हेर्दा कपी पेस्ट गरेर तयार गर्ने गरिएको बताए।
'तपाईंहरू कर्मचारी सरुवा गर्नुहुन्छ। कम्प्युटर अपरेटर किन सुरुवा गर्नुहुन्न ? जो सरकारमा आए पनि त्यहीँ कम्प्युटर अपरेटरले कपि पेस्ट गरेर हाल्छ,' सिंहले भने, 'विगत १० वर्षको बजेट हेर्नुभयो भने थोरै तलमाथि हुन्छ नभए सबै उस्तै हुन्छ। यो गरिने छ, त्यो गरिने छ, अन्तिममा केही हुँदैन।'
नीति, कार्यक्रम र नियत एक ठाउँमा कसरी पार्ने होला भन्ने बुझ्न नसकेको सिंहले बताए। 'नीति एकातिर हुन्छ कार्यक्रम अर्कोतिर हुन्छ। नियत अर्कोतिर हुन्छ। नीति, कार्यक्रम र नियत कसरी एक ठाउँमा पार्ने बुझ्न सकेको छैन,' सिंहले भने, 'यो भन्दा अघि गठबन्धन सरकार थियो अर्थ मन्त्री रुकुमको हुनुहुन्थ्यो। बजेट सबै रुकुम गयो। गठबन्धनका एउटा पार्टनर सभापति देउवा हुनुहुन्थ्यो, बजेट डडेलधुरा गयो अर्को पार्टनर प्रचण्डजी हुनुहुन्थ्यो चितवन गयो।'
अहिलेसम्म चितवनभन्दा पूर्व बजेट नगएकाले सुख्खा हुन लागेको सिंहले व्यंग्य गरे।
'यो पटक बजेट संयोगले गोरखासम्म बजेट पुग्न सक्छ। गोरखाभन्दा पूर्व जान केही उपाय छैन।
त्यसकारण मधेशीहरूले चित्त बुझाउनुपर्छ। यो देश मधेशीका लागि बनेकै होइन। बजेट पनि जाँदैन,' सिंहले भने।

## मुठ्ठिभरकाले गरे हालिमुहाली



स्वतन्त्र सांसद प्रभु साहले देशका केही मुठ्ठीभर मान्छेले हालिमुहाली गरेको आरोप लगाएका छन्।
सोमबारको प्रतिनिधिसभा बैठकमा नीति तथा कार्यक्रममाथिको छलफलमा भाग लिँदै सांसद साहले अहिलेकै अवस्थामा देशको उन्नति नहुने बताए। 'यो संसद् बोल्ने र ताली पिट्ने मात्रै हो। कसैले २ घण्टा बोल्न पाएका छन्, कसैले बोल्नै पाएका छैनन्। कतिपयको बोले पनि सुनुवाइ छैन। अन्तिममा ताली पिटेर पारित गर्नुपर्ने हुन्छ,' साहले भने, 'हामी जसरी देखावटी लोकतन्त्रको अभ्यास गर्दै छौं। देश जहाँ छ त्यहीँ छ।' देश जहाँको त्यहीँ हुँदा समेत किन देशमा लोकतन्त्र छैन भन्न नसकेको भन्दै साहले प्रश्न गरे।
'लोकतन्त्र भनेको स्वतन्त्रता हुन्छ, अंकुश हुँदैन। अहिले मुठ्ठीभर नेताहरूको हालीमुहाली छ। जति गरेपनि सत्य यहीँ हो,' उनले भने, 'यसरी देशको उन्नति र प्रगति गर्न सम्भव छैन। जनता निरीह र कमजोर छन्। भ्रष्टाचार र लुटतन्त्र बढेको छ। जनता लाचार छन्।'

## संसदीय दलमा यादव



जनता समाजवादी पार्टी (जसपा)को संसदीय दलको नेतामा उपेन्द्र यादव सर्वसम्मत चयन भएका छन्। सोमबार जसपा संसदीय दलको कार्यालय सिंहदरबारमा बसेको बैठकले यादवलाई सर्वसम्मत संसदीय दलको नेताका रुपमा चयन गरेको प्रमुख स्वकीय सचिव महेश चौरसियाले बताए।
यसअघि जसपा संसदीय दलको नेता रामसहायप्रसाद यादव थिए। उनी उपराष्ट्रपति बनेपछि संसदीय दलको नेता को हुने भन्नेमा आन्तरिक रुपमा छलफल भइरहेको थियो।
वैशाख १० गते भएको प्रतिनिसभा सदस्यको उपनिर्वाचनमा यादव बारा-२ बाट सांसद जितेका थिए।

## परिणाममुखी काम गर्न सकौँ



जनता समाजवादी पार्टी नेपालका सांसद राजकिशोर यादवले नीति तथा कार्यक्रममा धेरै विषयबारे द्विविधा भएको उल्लेख गर्दै गफ दिएर नयाँ नेपाल निर्माण नहुने बताए। उनले आफ्नै स्रोतले मात्र अपेक्षा गरेअनुसारको विकास गर्न नसकिने जिकिर गर्दै वर्तमान परिवेशमा अन्तर्राष्ट्रिय निकायसँग समन्वय गर्नुपर्ने आवश्यकता औँल्याए। आस्वासनले मात्र अब जनता चुप नलाग्ने उल्लेख गर्दै सांसद यादवले परिणाममुखी काम गर्न नसके अब नयाँ दल र पुराना दलको भाष्य स्थापित हुन लागेको बताए। मुलुक बनाउन नीति तथा कार्यक्रममा सपना देखाउने कार्यक्रम हुनुपर्नेमा जोड दिँदै उनले युवालाई स्वदेशमै बस्न उत्प्रेरणा र कार्यक्रम ल्याउनुपर्ने बताए।

- सांसद निर्मला कोइरालाले पर्सामा रहेको वीरगञ्ज चिनी कारखाना पुनःसञ्चालनका लागि आगामी बजेटमा व्यवस्था गर्न माग गरे।
- सांसद प्रतिक्षा तिवारीले जनकपुरलगायत क्षेत्रमा खानेपानीका मुहान सुक्न लागेको बताउँदै सामाधानका लागि सरकारसँग माग गरे। साथै उनले सरकारी कार्यालय आफ्नै भवनमा राख्ने व्यवस्था गर्न माग गरे।
- जनमत पार्टीकी सांसद अनिता देवीले जनकपुर चुरोट कारखाना सञ्चालनमा ल्याउन सरकारलाई अनुरोध गर्दै स्वदेशमै रोजगारीको वातावरण सिर्जना गर्न उद्योगधन्दा सञ्चालन गर्न माग गरिन्। सामुदायिक स्वास्थ्य सेवालाई अझ प्रभावकारी ढङ्गले अघि बढाउनुपर्नेमा उनको जोड थियो।
- सांसद तेजुलाल चौधरी तराई-मधेश आन्दोलनपछि सुझाव सङ्कलन गरी तयार गरेको लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्न माग गरे।
- सांसद देवप्रसाद तिमिल्सिनाले रौतहटको चन्द्रनिगाहापुरमा स्थानीयले बैंकमा जम्मा गरेको रकम गायब भएको सम्बन्धमा छानबिन गरी दोषीलाई कारबाही गर्न माग गरे।
- सांसद नागिना यादवले युवा विद्यार्थी शिक्षा र रोजगारीका लागि विदेशिने गरेको बताउँदै विकासका लागि मुलुकभित्रै जनशक्ति तयार गर्ने नीति ल्याउन सरकारको ध्यानाकर्षण गराउनुभयो।

# जति आन्दोलित त्यति नै लज्जित !




**मधेशदृष्टि**
**वीरगंज।**
नेपाल शिक्षक महासंघ पर्साले स्थानीय तहले विद्यालयमा कार्यरत प्रधानाध्यापक, शिक्षक, बालविकास शिक्षक तथा विद्यालय कर्मचारीसमेतलाई विभिन्न पूर्वाग्रह राखेर सरुवा गरी दुःख दिएको भन्दै विरोधमा वीरगंज महानगरपालिकाको मूल गेटमा धर्ना दिएको छ। धर्नासँगै शिक्षकहरुले नै भाषामाथि अत्याचार गरेको भन्दै आलोचना भएपछि शिक्षकहरु लज्जित पनि भएका छन्।
महासंघ पर्साका अध्यक्ष तीर्थराज प्रसाद यादवले विभिन्न पूर्वाग्राह, दुराग्रह, राजनीतिक आस्था, भेदभाव तथा व्यक्तिगत कुण्ठाका आधारमा शिक्षकलाई थिचोमिचो, अनावश्यक रुपमा मानसिक यातना, सरुवाका नाममा आतंक, आफ्ना आसेपासेलाई मनोमानीरुपमा पद वितरण, स्वेच्छाचारी बढुवा-घटुवा, मानमर्यादा मर्दनलगायतका आपत्तिजनक कार्यको विरोधमा धर्ना दिइएको बताए।
उनले स्थानीय तहले गरेको विभेदविरुद्ध धर्ना बस्न बाध्य भएको बताए।
यसअघि आइतबार पर्साका सम्पूर्ण विद्यालयमा कार्यरत प्रधानाध्यापक, शिक्षक, बालविकास शिक्षक तथा विद्यालय कर्मचारीले कालोपट्टी बाँधेर काम गरेका थिए।
घोषित कार्यक्रमअनुसार सोमबार र मंगलबार दिउँसो १ बजेदेखि ५ बजेसम्म धर्ना र माग पूरा नभए जेठ ९ गते धर्नास्थलबाटै थप आन्दोलन घोषणा गरिने जनाइएको छ। महासंघले १४ वटै स्थानीय पालिकामा आन्दोलन चरणवद्धरुपमा लैजाने भएको छ।

## शिक्षकले के पढाउलान् ?




वीरगंज महानगरपालिकामा धर्नामा बसेका शिक्षकले टाँगेको ब्यानरमा लेखिएको शब्द नै अशुद्ध भएपछि त्यसको सर्वत्र आलोचना भएको छ। वीरगंजका सामुदायिक विद्यालयका विरोध गर्ने शिक्षकले आफ्नो आन्दोलन के हो भन्ने समेच ब्यानरमा शुद्ध लेख्न जान्दैनन् भने विद्यार्थीलाई कस्तो पढाउलान् भन्दै सामाजिक सञ्जालमा आलोचना भएको छ। महानगर प्रमुख राजेशमान सिंहले नै फेसबुकमा गरेको टिप्पणीले नगरवासीको मन छोएको छ। धर्ना कार्यक्रमलाई ब्यानरमा 'धारणा' कार्यक्रम लेखिएको छ।सिंहको प्रश्न छ, 'अनि मेरो वीरगंजको सामुदायिक विद्यालयका विरोध गर्ने शिक्षकहरू ब्यानरको शब्द शुद्ध रूपमा लेख्न जान्दैनन्। उनीहरुले विद्यार्थी भाइबहिनीलाई कस्तो शिक्षा देलान् त ?'

## १३ शिक्षकलाई स्पष्टिकरण

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज नगर क्षेत्रमा देखिएका सामुदायिक विद्यालयको विकृति, विसंगति अन्त्य गर्न अनुगमनमा उत्रिएको वीरगंज महानगरपालिकाले सोमबार १३ शिक्षकसँग स्पष्टिकरण माग गरेको छ। नयाँ शैक्षिक सत्र सुरु भएसँगै वीरगंज महानगरपालिकाले सामुदायिक विद्यालयको पठनपाठन चुस्त पार्न अनुगमनमा तिब्रता दिएको हो। जेठ ७ गते अनुगमनक्रममा अनुपस्थित देखिएका एउटै विद्यालयका २४ शिक्षकलाई कारबाही गरेको महानगरले नगर क्षेत्रका छुट्टाछुट्टै विद्यालयका १३ शिक्षकलाई पनि कारबाही गरेको छ।
सोमबार बिहान भएको अनुगमनमा माइस्थान विद्यापीठ माविमा ८ शिक्षक अनुपस्थित रहेको भेटिएको हो। यस्तै, अनुगमन टोलीले वडा नम्बर १७ अलौस्थित द्वारदेवी माविमा पनि ५ शिक्षक अनुपस्थित रहेको भेटेको छ। विद्यालय समयमा अनुपस्थित भएका शिक्षकलाई २४ घण्टाभित्र स्पष्टिकरण बुझाउन पत्र काटिएको वीरगंज महानगरपालिकाका शिक्षा महाशाखा प्रमुख अरविन्दलाल कर्णले बताए।
द्वारदेवी माविमा विद्यार्थीसँग विभिन्न शीर्षकमा पैसा लिने गरिएको पनि अनुगमन टोलीले फेला पारेको छ। टोलीले विद्यालयमा अध्ययनरत कक्षा ११ र १२ का विद्यार्थीसँग विभिन्न शीर्षकमा पैसा उठाउन राखिएको रसिदको ३ वटा ठेलीसमेत नियन्त्रणमा लिएको छ।
महानगरले विद्यार्थीसँग कुनै पनि बहानामा कुनै पनि शीर्षकमा पैसा नलिन सार्वजनिक आह्वान गरेको अवस्थामा द्वारदेवी माविले विद्यार्थीसँग पैसा असुलेको भेटिएकाले प्रधानाध्यापकलाई पनि कारबाही गरिने शिक्षा महाशाखा प्रमुख कर्णले बताए। टोलीले सिद्धार्थ मावि चिनीमिलमा समेत स्थलगत अनुगमन गरेको छ।

# महानगरद्वारा स्वयम्सेवक शिक्षक माग



वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आदर्शनगर, वीरगंज, पर्सा,
मधेश प्रदेश, नेपाल

प.सं.: शिक्षा २०७९/०८०
च.नं.: 90842
मिति : २०८०/०२/०३

**स्वयंसेवक शिक्षकका लागि दरखास्त बुझाउने वारे सूचना।**

प्रस्तुत विषयमा वीरगंज महानगरपालिकाको मिति २०८०/०२/०३ गतेको निर्णयानुसार वीरगंज महानगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयहरुमा वीरगंज महानगरपालिका, स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि २०८० बमोजिम तपसिल अनुसार स्वयंसेवक शिक्षक नियुक्ति गर्नुपर्ने भएकोले रितपुर्वक दरखास्त आह्वान गरिन्छ।

तपसिल :
क.) विज्ञापन नं. ०१ (आधारभूत तह कक्षा ६-८ को लागि)
१. संख्या :

| विषय | नेपाली | अंग्रेजी | गणित | विज्ञान | सामाजिक | कम्प्युटर |
|---|---|---|---|---|---|---|
| संख्या | २९ | १५ | १८ | २६ | १० | ८ |

२. न्युनतम शैक्षिक योग्यता : सम्बन्धित विषयमा स्नातक
३. परीक्षा दस्तुर : रु. १०००।– मात्र
४. निर्वाह खर्च : प्रचलित तलब स्केल (नि.मा.तह) को ५० प्रतिशत हुने गरी

ख.) विज्ञापन नं. ०२ (माध्यमिक तह कक्षा ९-१० को लागि)
१. संख्या :

| विषय | नेपाली | अंग्रेजी | गणित | विज्ञान | सामाजिक | स्वा.ज.वा. | अर्थशास्त्र | लेखा | गणित/विज्ञान | कम्प्युटर |
|---|---|---|---|---|---|---|---|---|---|---|
| संख्या | १४ | १० | १३ | १२ | १० | २ | ४ | २ | ५ | २ |

२. न्युनतम शैक्षिक योग्यता : सम्बन्धित विषयमा स्नातकोत्तर
३. परीक्षा दस्तुर : रु. १५००।– मात्र
४. निर्वाह खर्च : प्रचलित तलब स्केल (मा.वि.तह) को ५० प्रतिशत हुने गरी

दुवै विज्ञापनको लागि
१. उमेरको हद : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको।
२. प्रचलित कानून बमोजिम अयोग्य नभएको।
३. सूचना प्रकाशन भएको मिति : २०८०/०२/०३
४. आवेदन बुझाउने अन्तिम मिति : सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र (अन्तिम दिन सार्वजनिक बिदा भए सो भोलिपल्ट)
५. छनौट प्रकिया : अन्तर्वार्ता र कक्षा अवलोकन
६. परीक्षा मिति : अन्तर्वार्ता मिति : २०८० जेठ १९ र २० गते
कक्षा अवलोकन मिति : पछि सूचना प्रकाशन गरिनेछ।
७. रित नपुगेको दरखास्त उपर कुनै कारवाही हुने छैन।
८. आवेदन फाराम वी.म.न.पा.बाट रसिद बुझाएपछि उपलब्ध हुनेछ।
९. आवेदन साथ बुझाउनु पर्ने कागजातहरु :
क) रितपुर्वक भरिएको आवेदन फाराम
ख) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
ग) शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि
घ) वीरगंज महानगरपालिकाको स्थायी बासिन्दा भए सो खुल्ने कागजात
ङ) परीक्षा दस्तुर तिरेको रसिद

प्रमुख प्रशासकीय अधिकृत

स्वस्थ सुन्दर विकासको शहर वीरगंज नगर

**मधेशदृष्टि**
**वीरगंज।**
वीरगंज महानगरपालिकाले सामुदायिक विद्यालयको शैक्षिक सुधारका लागि स्वयमूसेवक शिक्षक भर्ना गर्ने भएको छ।
विद्यालयमा शिक्षक अभाव हुँदा विद्यार्थीको पठनपाठन प्रभावित भएको भन्दै महानगरले सोमबार स्वयमूसेवक शिक्षक भर्नाका लागि आवेदन आह्वान गरेको हो। विभिन्न विषयमा आधारभूत तह (६-८) का लागि १ सय ६ स्वयमूसेवक शिक्षक माग गरेको महानगरले माद्यमिक तहका लागि ७४ शिक्षक माग गरेको छ। आधारभूत तहमा नेपाली विषयको लागि २९, अंग्रेजीमा १५, गणितमा १८, विज्ञानमा २६, सामाजिकमा १० र कम्प्युटर विषयका लागि ८ स्वयमूसेवक शिक्षक माग गरेको छ।
यस्तै माद्यमिक तहका लागि नेपाली विषयमा १४, अंग्रेजीमा १०, गणितमा १३, विज्ञानमा १२, सामाजिकमा १०, स्वास्थ्य, जनसंख्या तथा वातावरणमा २, अर्थशास्त्रमा ४, लेखामा २, गणित-विज्ञानमा ५ र कम्प्युटरमा २ जना शिक्षक माग गरेको छ। शैक्षिक योग्यता पुगेका १८ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेका नेपाली नागरिकले ७ दिनभित्र आवेदन दिनसक्ने सूचनामा उल्लेख छ। वीरगंज महानगरका लागि तीनसय शिक्षक अभाव छ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क मो. नं. ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम-२, भानु चोक, किशोरी नगर, फोन नं. ०४१-५९०२८९, E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, सम्पादक : रामकुमार एलन